(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित )

जि.प्र.का.दर्ता न ५८/२०६३

# सहिद

SAHID WEEKLY साप्ताहिक

**पुरातत्वविद् शुक्रसागर श्रेष्ठ परिशिष्टाङ्क**



**सम्झनामा शुक्रसागर**

पृष्ठ ४ २ ९ हेर्नुहोला ।

## आज वार्षिक कार्यक्रम

सांस्कृतिक सम्पदा, इतिहासका ज्ञाता एवं लेखक वरिष्ठ पुरातत्वविद् शुक्रसागर श्रेष्ठको आज वार्षिक कार्यक्रम हुँदैछ । कृष्ण क्याटरिङ्ग हलमा दिनको २ बजे हुने कार्यक्रममा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको प्रमुख आतिथ्यमा हुनेछ । उक्त कार्यक्रममा सहभागी हुन आयोजकले सबैलाई अनुरोध गरेको छ ।

वर्ष १५, अंक ७, पृष्ठ-८ ने.सं. ११३८ अनला थ्व:, तृतीया, वि. सं. २०७५ जेठ ४गते शुक्रबार MAY 2018 मूल्य रू. ५।-

## त्रिवि कर्मचारीको हकमा २५ बुँदे मागपत्र पेश



काठमाडौं । त्रिभुवन विश्वविद्यालय प्रगतिशील कर्मचारी संगठनले बुधबार विश्वविद्यालयका उपकुलपति प्रा.डा. तीर्थराज खनियासमक्ष त्यहाँ कार्यरत कर्मचारीको हकमा २५ बुँदे मागपत्र प्रस्तुत गरेको छ ।

मागपत्र पेश गरेपछि संगठनका अध्यक्ष हेमराज न्यौपानेले विश्वविद्यालयको सुधार र गुणस्तरीयता कायम नरहेसम्म कर्मचारीको सेवा सुरक्षा र अभिवृद्धिको अवसर नमिल्ने बताउँदै त्रिविको समग्र सुधार र कर्मचारीको सेवा सुरक्षा र अवसरको सवालमा त्रिविका सबै पदाधिकारीको प्रतिबद्धता खोजेको भन्नुभयो ।

ज्यालादारी, करार र अस्थायी सेवामा कार्यरत सम्पूर्ण कर्मचारीको संख्या यकिन गरी सोही बराबर विज्ञापन गरेर उनीहरुलाई स्थायी गर्न, खुला विज्ञापन गरी पदपूर्ति गर्न, सेवा ठेक्कामा लिने व्यवस्था अन्त्य गर्न, श्रम ऐनअनुसार संगठित हुने अधिकार सुनिश्चित गर्न, स्वास्थ्य उपचार कोषसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्न, नर्सिङ्ग एवं प्राविधिक कर्मचारीको सेवा सुरक्षा र पदोन्नति तथा प्राविधिक भत्ता व्यवस्था गर्न, त्रिविका सम्पूर्ण क्याम्पस, कार्यालयको क्षमतावृद्धि गर्न, सेवा प्रवेश र सेवाकालीन तालिमको व्यवस्था गर्न, सेवा आयोगको पाठ्यक्रम, कार्यविधिलगायत समयसापेक्ष परिमार्जन गर्न तथा नियमानुसार सरुवाको व्यवस्था गर्न माग गरिएको छ ।

यसैगरी त्रिवि प्रशासनलाई मर्यादित बनाउन, महाशाखा प्रमुखहरुबाट त्रिवि सभामा प्रतिनिधित्व गराउन, नियमविपरीत पदाधिकारी नियुक्ति खारेज गर्न, प्रशासनिक पदहरुमा शिक्षकबाट नियुक्तिको प्रक्रिया रोक्न, अनावश्यक पद सिर्जना गरी आर्थिक भार बढ्न नदिन, रजिष्ट्रार कर्मचारीमध्येबाट नियुक्त गर्न, राजनीतिक भागबण्डा तुरुन्त रोक्न, भौतिक सम्पत्तिको यथार्थ विवरण अद्यावधिक गर्न तथा त्रिवि र अन्य विश्वविद्यालयको सम्पत्ति विवाद अन्त्य गर्न संगठनले माग गरिएको छ ।

मागपत्र बुझ्दै उपकुलपति खनियाँले कर्मचारीको मागका बारेमा पदाधिकारीबीच छलफल गर्ने र चाँडै प्रतिनिधिमूलक सहभागितामा सबै कर्मचारी संघ-संगठनसँग बसेर समस्या समाधान गर्ने बारेमा कुराकानी गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मागपत्रको बोधार्थ त्रिवि सेवा आयोग, शिक्षाध्यक्ष, रजिष्ट्रार, त्रिवि कर्मचारी संघलगायत अन्य वर्गीय कर्मचारी संघ-संगठनलाई पनि दिइएको छ ।

## विद्यार्थी संघमा सविन ख्याजू अध्यक्षमा निर्वाचित

काठमाडौं । नेपाल क्रान्तिकारी विद्यार्थी संघको १२ औं राष्ट्रिय सम्मेलनबाट सविन ख्याजूको अध्यक्षतामा २१ सदस्यीय नयाँ समिति निर्वाचित गरी सम्पन्न भयो ।

बन्द बैठकमा नेक्राविसंघ १२ औं राष्ट्रिय सम्मेलन तयारी समितिका संयोजक निरज लवजूले संघको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत प्रतिवेदन संशोधनसहित पारित गरियो भने ११ औं राष्ट्रिय सम्मेलनबाट पारित विधान संशोधन गरियो ।

बैशाख २८ गते शुक्रबार सुरु भएको सम्मेलन बन्द बैठकले विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय र शैक्षिक प्रस्तावहरु पनि पारित गरिएको थियो ।



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवाल, केन्द्रीय सदस्य अनुराधा थापामगर र खगेन्द्र बहादुर शाही सम्मिलित अध्यक्ष मण्डलले नयाँ कार्य समिति निर्वाचित गरी समितिका पदाधिकारी तथा सदस्यहरुलाई पार्टी केन्द्रीय सचिव सुवालले सपथ ग्रहण गराउनुभएको थियो ।

## पाँगा दिदी बहिनी (त:केहें) समूहद्वारा ज्येष्ठ नागरिक सम्मान



पाँगा। पाँगा दिदीबहिनी (त:केहें) समूहको प्रथम वार्षिकी दिवसको अवसरमा पाँगाका ज्येष्ठ नागरिकहरुलाई एक विशेष कार्यक्रम गरी सम्मान गरियो ।

कार्यक्रमको उद्घाटन बौद्ध विद्वान एवं समाजसेवी प्रा. सुवर्ण शाक्यले पानसमा दीप प्रज्ज्वलन गरी गर्नुभएको थियो । त्यसक्रममा वहाँले समाज कसेर हामीले सम्मान गर्ने बानीको विकास गर्नु धेरै सराहनीय कार्य हो भन्नु भयो ।

हाम्रो समाजमा महिला दिदी बहिनीहरुले दैनिक १८ घन्टा घरमा बसेर सेवा गरिरहेको हुन्छ । सबै नागरिक ज्येष्ठ नागरिक हुने गर्दछ । ज्येष्ठ नागरिकको समयमा छोराछोरी टाढा रहनु दु:खको कुरा हो त्यसैले समाजमा बसेर सेवा संस्कारको बृद्धि गर्नुर्पने वहाँले बताउनुभयो ।

आमा बुबा घरमा एक्लै हुँदा पनि छोराछोरीले कमाएर ल्याउन भनी जग्गा जमिन बेचेर विदेशमा पठाउने/पढाउने काममा नलाग्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा समाजसेवी प्रशान्त कुमार महर्जनले ज्येष्ठ नागरिकको सेवा र संरक्षण गर्ने दायित्व राज्यको हो भन्नु हुँदै सरकारमा रहेर ज्येष्ठ नागरिकको नियमित सेवा नगरेकोले सामाजिक संघसंस्थाले ज्येष्ठ नागरिक सेवा कार्यक्रमलाई अगाडि बढाएको छ भन्नुभयो ।

वहाँले राजनीति भनेको राज्यको नीति हो भन्नु हुँदै राजनीति राम्रो र व्यवहारिक रुपले कार्यान्वयन नभएसम्म कुनै पनि नागरिकको सेवा नहुने बताउनु भयो ।

सरकारमा बसेका नेता र मन्त्री साधारण ज्वरो आउँदा पनि विदेशमा करोडौं खर्च गरेर उपचार गर्न जाने तर नेपालीहरु साधारण सितामोल खान नपाएर मर्नुपर्ने बाध्यता सरकारको गलत नीतिले गर्दा भएको हो भन्नुभयो ।

कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले महिला समृद्धि नभएसम्म समाज अघि नबढ्ने भन्दै महिलाहरु सक्षम हुन विभिन्न सीपमूलक तालिम लिन अग्रसर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा समूहका अध्यक्ष बिन्दिरा महर्जनले कार्यक्रमबारे प्रकाश पार्दै दिदीबहिनीहरुको हितमा, समाजमा

क्रमश: पृष्ठ ७ मा

## ज्येष्ठ नागरिक सेवा केन्द्रद्वारा हिसाव सार्वजनिक

पाँगा । ज्येष्ठ नागरिक सेवा केन्द्रद्वारा ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माणार्थ आयोजित श्रीमद् भागवत महायज्ञ सप्ताह कार्यक्रमको हिसाव सार्वजनिक गरेको छ ।

शनिबार ज्येष्ठ नागरिक सेवा केन्द्र भवनमा आयोजित पत्रकार सम्मेलनमा केन्द्रका कोषाध्यक्ष दुर्गा बहादुर महर्जनले आय व्यय प्रस्तुत गर्नुभएको थियो । पत्रकार सम्मेलनमा दिएको जानकारी अनुसार आयतर्फ ३९ लाख ५४ हजार ८७९ रुपैयाँ रहेकोमा खर्चतर्फ १० लाख ६५ हजार ८४२ रुपैयाँ कट्टा गरी २८ लाख ८९ हजार ३९७ रुपैयाँ कुल बचत रहेको जनाएको छ ।

कार्यक्रममा १ लाख भन्दा बढी सहयोग गर्ने ५ जना, २५ हजारदेखि ५५ हजारसम्म ७ जना, १० हजारदेखि २४ हजारसम्म १०५ जना र ५ हजारदेखि ८५०० सम्म ५५ जनाले सहयोग गरेको जनाएको छ ।

सहयोग गर्ने सबै संघसंस्था, व्यक्ति महानुभावहरुलाई केन्द्रका अध्यक्ष दुर्गा महर्जनले हार्दिक धन्यवाद व्यक्त गर्नुभएको थियो ।

## शताब्दी पुरुष सत्यमोहन जोशी सय वर्षमा



काठमाडौं । वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी बैशाख ३० गते आइतबार देखि १०० वर्षमा प्रवेश गर्दै छन् । दायित्व वाङ्मय प्रतिष्ठानको १९ औं वार्षिकोत्सवका अवसरमा शनिबार प्रतिष्ठानका महासचिव देवप्रकाश निरौलाले सो जानकारी दिँदै नेपाली कला तथा संस्कृतिका ज्ञाता जोशी नेपाली संस्कृति तथा कलाका गौरव भएको बताए ।

कार्यक्रममा प्रतिष्ठानद्वारा आयोजित विभिन्न व्यक्तित्वलाई सम्मान गर्दै शताब्दी पुरुष जोशीले नेपाली कला तथा संस्कृतिको संरक्षणमा युवावर्गलाई सचेत पार्नु पर्ने आवश्यकता औंल्याए । जोशीले साहित्यले समाज परिवर्तनमा प्रमुख भूमिका रहने बताउँदै त्यसैले साहित्यकारले कविता लेख्दा पाठकको मन छुने साहित्य लेख्नुपर्ने सुझाव दिए ।

साहित्यकार श्रीओम श्रेष्ठ रोदन, बाल साहित्यकार रामबहादुर दाहाल, प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्त लगायत वक्ताले साहित्यकारहरु सिर्जनाका पारखी भएकाले समाज निर्माणमा प्रभाव पर्ने खालका साहित्य लेख्नु पर्ने उल्लेख गरे ।

कार्यक्रममा संस्कृतिविद जोशीले डा. विष्णुराज आत्रेय, देवीप्रसाद वनवासी, रामबहादुर पहाडी तथा कलाधर काफ्लेलाई 'दायित्व वाङ्मय सम्मान' तथा कृष्ण प्रधानलाई 'हरिकला-गुणाकर दायित्व रचना पुरस्कार' प्रदान गरे । प्रधानले प्राप्त रचना पुरस्कारको राशि १० हजार तथा सम्मानपत्र रहेको छ ।

## ओलीको सय दिनको उपहार: इन्धनमा चौथो पटक मूल्यवृद्धि

काठमाडौं । केपी ओली नेतृत्वको सरकारले सय दिन पूरा गर्न केही दिनमात्र बाँकी रहँदा इन्धनको मूल्य बढेको छ । यो अवधिमा ४ पटक मूल्यवृद्धि भइसकेको छ ।

नेपाल आयल निगमले बुधबार राति १२ बजेदेखि लागू हुनेगरी डिजेल, पेट्रोल र मट्टीतेलमा प्रतिलिटरमा दुई रुपैयाँ बढाएको हो ।

अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढेको भन्दै डिजेल र पेट्रोलमा प्रतिलिटरमा दुई रुपैयाँ बढाइएको निगम प्रवक्ता वीरेन्द्र गोइतले जानकारी दिए । खाना पकाउने एलपी ग्यास र हवाई इन्धनको मूल्य भने यथावत राखिएको निगमको भनाइ छ ।

नयाँ मूल्यअनुसार पेट्रोल प्रतिलिटर १ सय १० र डिजेल र मट्टीतेल ९२ रुपैयाँ पुगेको छ ।

निगमका अनुसार पेट्रोलमा ७२ पैसा नाफा र डिजेलमा भने २ रुपैयाँ २९ पैसा घाटा रहेको छ। लगातार इन्धनको मूल्य बढेर आएपछि निगमको नाफा शून्यमा झरेको छ ।

इन्डियन आयल कर्पोरेसन (आइओसी)ले बुधवार पठाएको नयाँ मूल्यअनुसार इन्धनको मूल्य बढेर आएकाले निगमले मूल्य समायोजन गरेको हो ।

आईओसीले प्रत्येक महिनाको १ र १६ तारिखमा नयाँ मूल्य पठाउने गर्छ । सोहीअनुसार निगमले स्थानीय बजारमा मूल्य समायोजन गर्छ ।

## ऐतिहासिक जनआन्दोलन २०४६
## चैत्र २० गते शहादत अमर सहिद



लनबहादुर महर्जन, वि सं. २००६ माघ | हिराकाजी महर्जन, वि सं. २०१७ माघ | राजमान माली, वि सं. २०२५ मंसिर | राजेन्द्र महर्जन, वि.सं. २०३० चैत


# सहिद साप्ताहिक

**वर्ष १५, अंक ७, २०७५ जेठ ४ गते शुक्रबार**

**शंखापुर प्रकाशन समूहको लागि**

सम्पादक/प्रकाशक: नारायण महर्जन

कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप

सम्पर्क कार्यालय: जहुँ हिटी युवा क्लव - ११

पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२

E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com

www.kipushahid.blogspot.com

मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं


## सम्पादकीय...

### एमाले र माओवादी मौलिकता हरायो

*नेकपा एमाले र नेकपा माओवादी केन्द्र स्थापना कालमा क्रान्तिकारी पार्टीको रुपमा स्थापना भएको थियो । एकले झापा विद्रोह र अर्कोले जनयुद्धको शंखघोष गरेका थिए ।*

*व्यक्ति हत्या र जनता समेच नभईकन हतियार उठाएमा बेमौसममा बलिदान खेर जाने भने सर्वत्र आवाज उठेपछि आन्दोलनका रुप फेरिंदै आएको थियो ।*

*झापा विद्रोहीले ४६ सालपछि र जनयुद्धकारीले ६३ सालको आन्दोलनपछि सरकारमा छिरेसँगै कम्यूनिष्टको मौलिक सिद्धान्त त्यागेका थिए ।*

*दुवै पार्टीको स्थापना कम्युनिष्ट सिद्धान्त अनुसार समाजवाद र साम्यवाद स्थापना गर्नुथियो । त्यही नाराबाट पार्टीको विकास गरेको थियो ।*

*सर्वसाधारण जनतादेखि कार्यकर्ताहरुलाई आन्दोलनमा होमिन आह्वान गरेको थियो ।*

*तर अहिले लामो समयपछिको संवैधानिक निकायको निर्वाचनमा जित्नै पर्ने मनसायले बामगठबन्धन बनाई सिद्धान्तलाई खिल्ली उदाए भने धेरै घम्साघम्सीपछि जेठ ३ गते पार्टी एकताको घोषणा गरे । पार्टी एकतासँगै मागदर्शन रहेको जनताको बहुदलीय जनवाद र माओवाद दुवै सिद्धान्त परित्याग गरी जनताको जनवादलाई मान्ने भए ।*

*पार्टी एकता हुनसक्छ सैद्धान्तिक र व्यावहारिक मिलेपछि । सत्ताको लागि मरिहत्ते गर्ने पार्टीहरु सैद्धान्तिक कसरत पुरा नभई नयाँ पार्टीको नाम राख्दैमा अब जनतालाई झुक्याउन सक्दैन ।*

*कम्युनिष्टको नाममा कम्युनिष्टको मौलिक सिद्धान्त त्याग्नेहरुबाट सचेत भएर लाग्नु जरुरी देखिन्छ ।*


आफ्नो अधिकारको खोजी गर्दा अरूका अधिकार एवं प्रचलित नियम कानूनहरूको पनि ख्याल गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग


# 'नाकाबन्दी लगाउने मोदीलाई माफी मगाउनुपर्थ्यो'

- अनुराधा थापामगर



नेपालको एकमात्र सार्वभौम पार्टी नेपाल मजदुर किसान पार्टी हो । सार्वभौमको अर्थ देशी, विदेशी कुनै पनि शक्तिको अगाडि नझुक्नु हो । नेपालको एकमात्र सार्वभौम विद्यार्थी सङ्गठन नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको १२औं राष्ट्रिय सम्मेलन सफलताको कामना गर्दछु ।

आफ्नो स्थापनाकालदेखि पार्टीको निर्णय र निर्देशनमा देशका हरेक राजनीतिक आन्दोलनहरूमा यस सङ्घले महत्त्वपूर्ण भूमिका र योगदान गर्दै आएको छ । २०६२/६३ को आन्दोलनमा पनि सशक्त भूमिका निभायो । अहिलेसम्म भएका आन्दोलनहरूले देशमा आमूल परिवर्तन ल्याउन सकेनन् । ती आन्दोलन समाजवादका निमित्त थिएनन् । आमूल परिवर्तन भनेको उल्ट्याउनु हो । त्यसको लागि मार्क्सवादी सिद्धान्तबाट विद्यार्थीहरू प्रशिक्षित हुनु आवश्यक छ ।

नेपालमा गणतन्त्र स्थापनाको ११ वर्ष लागिसक्दा समेत सामन्ती अवशेष कायमै छ । पुँजीवादका विकृतिले कामदार वर्गका जनता थप मारमा परिरहेका छन् । बोक्सा-बोक्सी, छाउपडी, छुवाछूत, बाबा, माता, झारफुकजस्ता अन्धविश्वासले समाजमा झनै जरो गाड्दै छ । जसको कोही र केही छैन, ती सर्वसाधारण जनता अन्धविश्वासको कारण यातना खेप्दै छन्, ज्यान गुमाउँदै छन् । किशोरीहरू बोक्सी आरोपमा कुटिंदा आर्थिक लेनदेनमा मिलापत्र गराउने एमाले, काङ्ग्रेस, माओवादीका जनप्रतिनिधि छन् । बलात्कारका घटना दिनहुँ बढ्दो छ र मिलापत्र गराउने प्रहरी अधिकारीहरू नै छन् । दहेज प्रथाका कारण तराईका महिलाको जीवन भयावह बनिरहेको छ । हामीले अन्धविश्वासलगायत कुप्रथाका विषयमा विद्यालय पाठ्यक्रम र पाठ्यपुस्तकमै समावेश गर्नुपर्ने आवाज उठाएका थियौं । तर सरकारमा बस्ने पार्टी र तिनका मन्त्रीहरूका गैरजिम्मेवारीका कारण पाठ्यपुस्तकमा समावेश भएनन् र यस्ता घटना दोहोरिरहेका छन्, बढ्दै छन । शिक्षालाई उत्पादन श्रमसँगै जोड्ने नि:शुल्क, अनिवार्य र वैज्ञानिक शिक्षाको बन्दोबस्त नभएसम्म यस्ता समस्याहरू पूर्णरूपमा हट्ने छैनन् । अहिले केही हदसम्म कम गर्न सकिन्थ्यो तर पुँजीवादी शासक दलहरूले व्यापक जनताको हितमा सोच्न मानेनन् ।

हामीले साना नानीहरूको लागि शिशुस्याहार, बालोद्यानदेखि विद्यार्थीलाई ख्वप विश्वविद्यालय स्थापनाको लागि आवाज उठायौं । ख्वप विश्वविद्यालयको विधेयक, एमाले, काङ्ग्रेस, माओवादी मिलेर संसदमा पेश गराएनन् । ख्वप विश्वविद्यालय स्थापना भएमा १०-१२ लाखमा डाक्टर पढाउन सकिन्थ्यो । गरिब जनताका योग्य छोराछोरीले पनि सजिलै डाक्टर पढ्न पाउँथे । मेडिकल कलेज खोल्न मन्त्रीहरूलाई घूस खुवाउनुपर्ने, मेडिकल काउन्सिलको सदस्य हुन डेढ करोडसम्म चलखेल हुने, लाखौंमा डाक्टरको सर्टिफिकेट बेच्ने कामले मेडिकल शिक्षालाई पनि व्यापारको केन्द्रजस्तै बनाइएको छ । नेपाली पुँजीपतिमात्र होइन, भारतीय अपराधीका कालो धनलाई सेतो बनाउने माध्यम मेडिकल कलेज र भूमि नेपाल बनिरहेको छ । उपत्यकाबाहिरका अधिकांश मेडिकल कलेजमा भारतीय लगानी तर नेपालीको कागजपत्र मिलाइएको छ । काठमाडौंबाट अनुगमन जाँदा भारतबाटै प्राध्यापकहरू (नक्कली पनि) झिकाइन्छ, जसलाई खडेबाबा भनिन्छ, भारतबाटै नक्कली बिरामीहरू ल्याइन्छ, जसलाई लडेबाबा, सुतेबाबा अनेक भनिन्छ । संसदमा प्रतिनिधित्व गर्दा एकपटक पाल्पा, बुटवल, भैरहवाका केही मेडिकल कलेज अनुगमन जाँदा यस्ता अनुभव हामीले गऱ्यौं । अझ मेडिकल कलेज वा संसदको टोली अनुगमन जाँदा मिति नै किनबेच हुनेरहेछ । हाम्रो अनुगमन पनि तोकिएको मितिभन्दा ढिलो भयो । अनुगमनको क्रममा कतिपय पत्रकार, विद्यार्थी साथीहरूले यो ब्रिफकेश कि सुटकेश टोली भनी प्रश्न गरेको सुनियो । कतिपयले टोलीमा चोखो नेमकिपाका सांसदमात्रै हुन् भनेको पनि सुनियो ।

केही समय अगाडि चिकित्सा शिक्षा विधेयक अध्यादेशबाट ओली सरकारले पारित गरायो । एक जिल्लामा एकमात्र कलेज, १० वर्षसम्म काठमाडौं उपत्यकामा मेडिकल कलेज खोल्न नपाउनेलगायत प्रावधान राखिएको उक्त विधेयक देशको हितमा नभएको र आवश्यकताअनुसार सरकारकै लगानीमा खोल्नुपर्ने विचार नेमकिपाले राख्यो । सुरूमा एमालेले विरोध गरेजस्तो गरे पनि सरकारमा पुगेपछि पारित गरायो । एमाले दोहोरो चरित्र भएको ( दहीच्यूरे) पार्टी सावित भयो । आफ्ना नेता कार्यकर्ताको लगानीमा खुलेका निजी मेडिकल कलेज जोगाउन र अन्यबाट कमिसन खान उक्त विधेयक अध्यादेशबाट पारित गराएको बुझ्न गाऱ्हो छैन । एमालेलगायत पुँजीवादी शासक दलहरूले नेपालका विश्वविद्यालयहरूलाई भागबण्डाको थलो बनाइरहेका छन्, विद्यार्थीहरूलाई गलत राजनीतिक धारमा हिंडाइरहेका छन् । राजनीति सही र गलत छुट्याउने चेत पनि हो, यो चेत आउला भन्ने डरले तोडफोड, बन्द, हड्तालमा भुलाउन खोजिएको छ । नेक्राविसङ्घले त्यसको विरोध गरिरहेको छ ।

झण्डै आधा करोड युवा-विद्यार्थी विदेशमा छन्, बाँकी भएकामा आधा लागूपदार्थ दुर्व्यसनमा छन् । अनि बाँकी कलेज विश्वविद्यालयमा रहेकाहरूले ती कलेजहरूलाई बौद्धिक छलफलको थलो बनाउलान् भन्ने त्रासले पुँजीवादी शासक दलहरू अनेक षड्यन्त्रमा लागिरहेका छन् ।

नेपाल-भारत खुला सीमा नियमित गर्नुपर्ने आवाज हाम्रो पार्टीले निरन्तर उठाउँदै आएको छ । खुला सीमाका कारण वर्षको ३० अर्बको लागूपदार्थ भित्रिन्छ, वर्षको १० हजारका दरले युवा दुर्व्यसनमा वृद्धि भएको छ । गुणस्तरहीन सामान, औषधि आयात भइरहेछ, तर परीक्षण ल्याव छैन । सीमा अतिक्रमण बढ्दो छ । खुला सीमाकै दुरूपयोग गरी भारतले नेपालको संविधान निर्माणजस्तो आन्तरिक मामिलामा हस्तक्षेप गर्दै नाकाबन्दी लगायो । मधेसमा उपद्रव गर्न लगायो । रक्सौलमा खाना खुवाई नेपालतर्फ ढुङ्गा हान्न लगायो, आफ्ना मान्छे पठायो । सीमा अतिक्रमणको विरोध गर्ने गोविन्द गौतमको आफ्नो सीमा सुरक्षा बल एसएसबीद्वारा गोली हान्न लगाई हत्या गऱ्यो । नाकाबन्दी र गोविन्द गौतमको हत्याको विरोधमा संसदमा नारा लगाउने र भारतीय दूतावास धर्ना, घेराउ गर्ने पार्टी नेमकिपामात्र थियो । संसदमा लगाएको नारा र सडकमा गरेको आन्दोलन र सङ्घर्षले नाकाबन्दीको विषयलाई अन्तर्राष्ट्रियकरण गरायो र भारतीय शासक वर्ग अर्थात् मोदीलाई घुँडा टेक्न बाध्य बनायो । भारतीय थिचोमिचो र विस्तारवादी नीतिको विरोध नेमकिपाले सदैव गर्दै आएको छ । यदि नेमकिपा नभएको भए यो देश पनि रहिरहने थिएन ।

आफ्नो स्वार्थको निम्ति नेपालमाथि नाकाबन्दी थोपर्ने भारतीय प्रम मोदी आज र भोलि दुईदिने नेपालको राजकीय भ्रमणमा छन् । विदेशी सरकार प्रमुख भ्रमणमा आउँदा सिधै राजधानी आउनुपर्ने तर मोदी सिधै जनकपुर पुगेका छन् । आफ्नै देशमा मनपरी घुमेजस्तो भ्रमण तालिका बनाइएको छ । त्यो पनि नेपाल सरकारको निम्तोविना मोदी आफैले मिति तोकी पठाएर आएका हुन् । भूकम्पले थलिएका पीडित नेपालीमाथि अमानवीय नाकाबन्दी लगाएका मोदी नेपाली जनताको आक्रोशबाट त्रस्त बन्नु स्वाभाविक हो । तर मोदीलाई त्यो भयबाट मुक्त गराउन नेपालका प्रधानमन्त्री ओलीले आफ्नो औकातले भ्याएसम्मको तारतम्य मिलाउन लागिपरेका छन् । विशेषत: २ नं. प्रदेश र काठमाडौंका जनतालाई मोदीको स्वागतको लागि उर्दी जारी गरिएको छ । घर-घरमा घडा राख्न आदेश दिइएको छ । जनकपुर एअरपोर्टदेखि कार्यक्रम स्थलसम्मका सर्वसाधारणलाई झ्यालढोका थुन्न र बाहिर ननिस्कन वा एक खालको कर्फ्युको अवस्थामा राखिएको छ । घरघरमा, मोटर, मोटरसाइकलमा मोदीको फोटो झुण्ड्याउन र टाँस्न लगाइएको छ । मोदी फर्केपछि देशको कायापलट हुन्छ भनी भन्न लगाइएको छ । मुक्तिनाथ दुई दिनदेखि सुनसान पार्न लगाइएको छ, हप्तौं लगाएर गएका आफ्नै देशका श्रद्धालुहरूलाई मुक्तिनाथको वरपर पाइला टेक्न पनि निषेध गरिएको छ । २ नं. प्रदेशमा भारतीय झण्डा र हिन्दी भाषाका व्यानरहरूमात्र टाँग्न लगाइएका छन् । के २ नं. प्रदेश वा नेपाललाई भारतको एउटा प्रान्त भनी ओली सरकारले स्वीकारेको हो ? त्यसो हो भने नेमकिपा, नेक्राविसङ्घ सशक्त विरोधमा उत्रन तयार छ । नाकाबन्दी अपराध थियो, त्यसको विरूद्ध अन्तर्राष्ट्रिय अदालतमा मुद्दा हाल्ने आँट नगर्ने तत्कालीन ओली सरकार कसरी राष्ट्रवादी बने, बनाइए ? विद्यार्थीहरूले गम्भीर समीक्षा गर्नुपर्छ । नाकाबन्दी सम्बन्धमा मोदीले नेपालीसँग माफी नमागेसम्म नेपाल भ्रमणमा बोलाइनुहुन्नथ्यो, स्वागत गरिनुहुन्नथ्यो । तर बोलाइयो । नेपाल र नेपाली जनताको अपराधीलाई नेपाली देशभक्त नागरिकले किन अभिनन्दन गर्ने भन्ने व्यापक विरोध स्वाभाविक हो । यही सेरोफेरोमा मोदीलाई खुसी बनाउन मोदीकै जस्तो संसद देखाउन फौजदारी अपराधमा अभियोग लागेका सांसदलाई निलम्बन गर्न नपाउने नियम ओली सरकारले पास गराउन खोज्दै छ । मोदीलाई माफी नमगाई वा नमागी नेपाल भ्रमण गराएका नेपालका प्रधानमन्त्री ओलीले मोदी फर्केपछि माफी माग्नुपर्छ । अन्यथा अपराधीको साथ दिने जो कोहीलाई नेपाली जनताले अपराधी मान्नेछन् । सिद्धान्त र विचार छोड्ने एमाले र माओवादीले व्यवहारमा सामन्त र पुँजीपति वर्गकै प्रतिनिधित्व गर्दै भारतीय एकाधिकार पुँजीको सेवा गरिरहेका छन् ।

मोदी भ्रमणको क्रममा नेपालमा भारतीय सेनाको बाक्लो उपस्थिति गराइएको छ । यो नेपालको सार्वभौमिकतामाथिको हस्तक्षेप नै हो । विदेशी पाहुनालाई सुरक्षा दिने जिम्मेवारी नेपाल सरकारको हो, नेपाली सेनाले सुरक्षा दिनसक्छ । भारतीय सेना किन ? मोदीको हैकममा ओली सरकार किन लाचार ? त्यही जनकपुरमा केही वर्षअघि नेपालका राष्ट्रपति जाँदा भारतकै शासक वर्गले अपमान गर्न लगाएको थियो । मधेसी र पहाडीलाई जुधाएर तराई विभाजन गर्ने भारतको पुरानै चाल हो । भारतमा हिन्दू मुसलमानलाई जुधाएर भारतबाट पाकिस्तान अलग गराएका अङ्ग्रेज शासकको नक्कल मोदी सरकारले गरेको थियो । अघिल्लो नेपाल भ्रमणको समयमा नेपालको संसदमा बोल्दै उनले नेपालीलाई रु. १ खर्ब सहुलियत व्याजमा ऋण दिने भने, भूकम्पपछि अर्को १ खर्ब त्यसरी नै दिने भने र अनेक वाचा पनि गरे, तर हालसम्म एउटा वाचा पनि पूरा गरेका छैनन्, एक पैसा पनि दिएका छैनन् । जहिल्यै पछाडिबाट छुरा रोप्ने धोकेबाज बनेको मोदीलाई ओलीले मित्रको

क्रमश: पृष्ठ ३ मा

# 'सामुदायिक विद्यालयको गुणस्तर सिकाई'



शिक्षकः रामचन्द्र महर्जन
जनसेवा मा.वि.

सरकारी अनुदान तथा सरकारको मातहत वा स्वीकृतिबाट संचालित विद्यालय सामुदायिक विद्यालयमा दिइने शक्षिा सामुदायिक शिक्षा हो। सामुदायिक विद्यालयमा तराई, पहाड, हिमाल, सुगम, दुर्गम गाउँ शहरका विपन्न र गरिवी सर्वसाधारण जनताका छोराछोरीहरु अध्ययन गरेको हुन्छ।

सरकारले दुई किसिमको शिक्षा सरकारी र नीति शिक्षा लागु गरेको थियो। वि.सं. २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनबाट लोकतन्त्र र गणतन्त्रमा सुव्यवस्थित शिक्षा नीति ल्याउन सकेन र वि.सं. १९९० साल कार्तिक १६ गते स्थापना गरेको एसएलसी (माध्यमिक शिक्षा उत्तीर्ण) प्रणाली नै कायमै छ। परीक्षा प्रणाली परिवर्तन गर्न सकेको छैन। सरकारले शैक्षिक गुणस्तरका लागि कुनै पनि शिक्षा नीति तथा परीक्षा प्रणाली परिवर्तनका लागि कुनै पनि खालका नीति ल्याएको देखिंदैन। वि.सं. २०७२ सालमा परीक्षा नीतिमा परिवर्तन ल्याउन मात्र परीक्षाफल यानी नतिजामा ग्रेडिङ्ग प्रणाली लागू गरियो तर पनि ग्रेडिङ्ग प्रणालीले सबै जनमानसमा अन्यौल पैदा गरियो जसले गर्दा विद्यार्थीहरुमा मिहेनत गर्ने बानीमा विकास भएन विद्यालयविद्यालयमा शैक्षिक गुणस्तरलाई खस्काउने नीति ल्याए जस्तो भयो। तैपनि सरकारले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्क्यो भन्दै हरेक माध्यमबाट गोष्ठी, सभामा भाषण पत्रपत्रिकामा लेख्दै आइरहेको पाइन्छ। यसरी सामुदायिक विद्यालयको शैक्षिक गणस्तर खस्किनुको मुख्य दोषी सरकारमा जाने ठूला दलहरु नै हुन किनभने शिक्षामा राजनैतिक हस्तक्षेप भइरहेको हुन्छ। शिक्षकहरुलाई विभिन्न किसिमको गाली गलौज तथा विभिन्न उपनाम दिंदै हिंडिरहेको हुन्छ। सरकारले नै सामुदायिक विद्यालयलाई हेर्ने दृष्टिकोण नकारात्मक छ। यदि सकारात्मक सोच छ भने मन्त्रालयदेखि विद्यालयसम्मका व्यक्तित्वहरुको छोरा-छोरी, नाति-नातिनाहरुलाई सामुदायिक विद्यालयमा अध्ययनको लागि पहल गर्नुपर्ने थियो र सरकारले शिक्षालाई विभेदीकरण गरेको पाइन्छ।

सरकारले सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुलाई राम्रो दृष्टिकोणले हेरेको पाइन्दैन तर २०/२२ वर्षसम्म अस्थायीमा रही अध्यापन गर्ने शिक्षकहरुलाई कुनै ठोस् नीति तथा व्यवस्था गरेको देखिंदैन र नीति बनाएकोमा पनि सही कार्यान्वयन भएको छैन जले गर्दा शिक्षकहरुमा नैरास्यता पैदा भइरहेको छ। तर खोइ सरकारले शिक्षकहरुलाई निजामति सरह सुविधा प्रदान गरेको ? तर मेचीदेखि महाकाली तथा हिमालदेखि पहाडसम्म केही विद्यालयको शैक्षिक गुणस्तर राम्रो नहुँदैमा समग्रमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कयो भन्न मिल्दैन तर ती विद्यालयको भौतिक संरचना, आर्थिक अवस्था, भौतिक पूर्वाधार शिक्षक, प्रशासन, व्यवस्थापन तथा अभिभावकहरुको विभिन्न पक्षको अवस्था कस्तो छ ? भौगोलिक अवस्था, राजनैतिक प्रभाव, संस्कृति तथा परम्परा कस्तो छ ? सो को जानकारी गहिरिएर सोच्नुपर्दछ यात उहाँहरुले समय-समयमा अनुगमन र निरीक्षण गरिरहेको हुनुपर्छ।

सरकार विभिन्न देशहरु तथा छिमेकी राष्ट्रहरु तथा पश्चिमेली राष्ट्रहरुमा भ्रमण गरेको हुन्छ ती देशहरुको शिक्षा नीति कस्तो छ ? शिक्षकहरुलाई कस्तो सुविधाको व्यवस्था गरेको छ ? सो को अनुशरण गरी आफ्नो देशमा पनि लागु गरेको भए, गुणस्तर शिक्षा कायम हुन्छ। विदेशमा सरकारी शिक्षालाई बढी मान्यता दिएको पाइन्छ तर नेपालमा नीजि विद्यालयलाई बढी प्राथमिकता दिएको पाइन्छ त्यो मात्र हो र ? सामुदायिक विद्यालयमा रही आ-आफू मिली नीजि विद्यालयहरु खोली बसेकाहरु पनि पाइन्छ। लोकतान्त्रिक तथा गणतान्त्रिक देशमा समाजवादी शिक्षा तथा व्यवहारिक तथा गणतान्त्रिक देशमा समाजवादी शिक्षा तथा व्यवहारिक प्रयोगात्मक, कार्यमूलक, सीपमूलक, क्षमतामूलक शिक्षा र जनताहरुको चाहना अनुरुपको शिक्षा लागू गर्नुपर्छ। जुन शिक्षाले जीवनयापनका लागि सहयोग पुऱ्याउँछ। लोकतान्त्रिक तथा गणतान्त्रिक देश नेपालमा छ्यासछ्यास्ती च्याउ उम्रेजस्तै महंगा-महंगा मन्टेसरी (Montessori) प्रणालीबाट शिक्षा दिइन्छ भन्दै नीजि विद्यालयहरु संचालित छन्। यसलाई नियन्त्रण गरी सामुदायिक विद्यालयलाई बढी प्राथमिकता दिई शैक्षिक गुणस्तरका लागि नयाँ-नयाँ शिक्षा नीति वा Vision, Mission र Plans ल्याउनु जरुरी छ। यसको लागि स्थानीय सरकार, वडा, नगर प्रमुख, समुदाय, बुद्धिजीवि, शिक्षाविदहरु अगाडि सर्नुपर्ने देखिन्छ। शिक्षकहरुलाई पेल्ने, दवावमूलक कार्य नीति ल्याउनेमा सोच नराखी विद्यार्थीहरु सामुदायिक विद्यालयमा बढी भन्दा बढी अध्ययन गरोस् भन्ने सोचका साथ विभिन्न सुविधा दिई गुणस्तर शिक्षाका लागि नीति ल्याउनु पर्दछ तर सामुदायिक विद्यालयको शिक्षा गुणस्तर मान्नुपर्छ किनभने आर्थिक विपन्नता तथा गरिव विद्यार्थीहरुबीच महंगा-महंगा नीजि विद्यालयका विद्यार्थीहरुसँग प्रतिस्पर्धा गर्न पाइरहेको छन् तर सरकार तथा शिक्षाविद् नीजि विद्यालयको शैक्षिक गुणस्तर राम्रो छ भन्दै हिंडिरहेको पाइन्छ। शिक्षाको लागि छानामा मात्र बसेर हेर्ने होइन घरको जगमा बसेर अध्ययन गर्नुपर्छ। सरकारले मेचीदेखि महाकालीसम्मका साामुदायिक विद्यालयलाई आवश्यकता अनुसार भौतिक पूर्वाधार, आर्थिक र शिक्षकहरुलाई अरु स्थानमा जान नपर्ने गरी सुविधा तथा राहत उपलब्ध गराउनुपर्दछ। अब त शैक्षिक गुणस्तरका लागि ७७ जिल्लामा प्रदेशअनुसार गाउँपालिका, नगरपालिका, महानगरपालिका, उपमहानगरपालिकालाई पूर्ण जिम्मा दिइसकेको छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन समय-समयमा निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन पेश गराउनुपर्दछ। पेश गरेको छैन भने आवश्यक कारवाही गरेको हुनुपर्दछ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कमजोर भएको होइन बरु सरकार कमजोर भएको हो जबसम्म सामुदायिक विद्यालयप्रति सरकारको सकारात्मक सोच आउँदैन तबसम्म सरकारले आफ्नो देशको शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिंदैन आ-आफ्नो क्षेत्रका शिक्षकहरुसँग समय-समयमा शैक्षिक तथा शिक्षणमा आइपरेका समस्याहरुबारे शैक्षिक परामर्श गरी राय सल्लाह सुझाव तथा शिक्षकहरुमा आइपरेका समस्याहरुका लागि पहल गर्नुपर्ने देखिन्छ। सम्बन्धित विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन, शिक्षक, अभिभावक संघ, शिक्षकहरु तथा विद्यार्थीहरुबीच आपसी सम्बन्धको समन्वय हुनुपर्दछ। शिक्षक अँध्यारोबाट उज्यालोतिर जानका लागि एक मार्ग निर्देशक, नैतिकवान, अनुशासित, मिलनसार सहनशील, कर्तव्यनिष्ट व्यक्तित्व हो। शिक्षहरुको मान मर्यादा माथि ठेस पुग्ने वा आँच पुग्ने गरी उपनाम दिनु हुँदैन शिक्षकलाई मान सम्मान, इज्जत र आदर गर्न सकियोस् विभिन्न शिक्षाविद् र शिक्षाप्रेमी व्यक्तित्वहरु। विषय विशिष्टिकरण गरी तालिमलाई व्यवस्थित गरिनुपर्दछ। जुन चाँही प्रभावकारी होस् तर शिक्षकहरु लगनशील, सहनशील, मिलनसार कर्तव्यष्टि तथा अनुशासित आफूलाई आइपरेका समस्या, बाधा अर्चन, अवरोधलाई सामना गरी हजारौं विद्यार्थीहरुलाई माया ममता दिई गुणस्तर सिकाइका लागि दिलो ज्यान दिई अध्यापन गर्दछन्। के सरकारले शिक्षहरुको पीर मर्का बुझेको छ ? हाम्रो जस्तो अविकसित देशको सामुदायिक विद्यालयमा अध्ययनरत विभिन्न जातजाति, भाषाभाषी तथा आर्थिक विपन्न विद्यार्थीहरु धमाधम रोजागारीको लागि विद्यालय छोड्दै छन् त्यस्ता विद्यार्थीहरुका लागि आफ्नो प्रदेशका गाउँपालिका, नगरपालिका, महानगरपालिका तथा उपमहानगरपालिकाले विद्यार्थी संरक्षण तथा बालअधिकारका लागि ठोस नीति ल्याउनुपर्दछ। सामुदायिक विद्यालयमा विद्यार्थीहरु न्यून तथा कम हुँदै गइरहेकाछन् र कुनै-कुनै विद्यालय बन्द हुने अवस्थाको पनि छन् त्यो हुनाको कारण राजनैतिक हस्तक्षेप, समयसमयमा निरीक्षण तथा अनुगमनको कमी र व्यवस्थापनको कमजोरी भएको मान्नुपर्दछ। साथै शिक्षकहरुले पनि पाठ्यक्रममा मात्रै सीमित नरही विद्यार्थीहरुलाई व्यवहारिक ज्ञान, अनुशासन र असल नागरिक हुने कुराहरु सिकाउनु भयो भने शैक्षिक गुणस्तर सिकाई प्रभावकारी हुनेछ तर एउटा विद्यार्थी बालकक्षामा भर्ना हुन्छ विद्यालय आउँछ, कक्षामा बस्छ, परीक्षामा सहभागी हुन्छ उसको सिकाई राम्रो होस् वा नराम्रो उ निरन्तर कक्षा चढ्दै जान्छ, विद्यालय र अभिभावक सबैले कुनै पनि कक्षामा विद्यार्थी फेलै नहुने भन्ने बुझेको अवस्था छ जसले गर्दा शिक्षाको गुणस्तर सिकाईमा पनि असर पारेको हुन्छ। त्यसैले अन्तमा सामुदायिक विद्यालय शिक्षाको गुणस्तर सिकाईका लागि सम्बन्धित निकायले ठोस नीति तथा योजना ल्याउनुपर्छ र ठोस नीति तथा योजना राम्रोसँग कार्यान्वयन भयो भने गुणस्रत सिकार्य हुन्छ र प्रभावकारी हुनेछ र कुनैपनि बालबालिका शिक्षाबाट बञ्चित हुनुपर्ने छैन र सामुदायिक विद्यालयको गुणस्तर सिकाईका लागि सम्पूर्ण शिक्षक, प्रशासन, अभिभावक तथा विद्यार्थीहरु प्रतिबद्धताका साथ लागौं।

## नाकाबन्दी.....

सम्बोधन गर्दैछन्। भारतीय शासक वर्ग नेपाली जनताको मुख्य वर्गशत्रु हो। विद्यार्थीहरूलाई सानैदेखि यो भावना दिनुपर्ने आवश्यकता छ। भारत नेपालबाट बाँकी स्रोत साधन लुट्न चाहन्छ। ओलीको देशभक्तिको नौटङ्की पनि उदाङ्गिएको छ। नेपालको महाकाली, कोसी, कर्णालीलगायत ठूला नदीको देशघाती सम्झौतामा एमाले अग्रपङ्क्तिमा रह्यो। भारतले नाकाबन्दी फिर्ता नलिई भ्रमण नजाने भन्दै नाकाबन्दी फिर्ता नहुँदै अघिल्लो कार्यकालमा प्रम हुँदा ओली भारत गए। संविधान संशोधन भारतीय दबाबमा गर्दिन भन्थे। तर जनसङ्ख्यानुसार निर्वाचन क्षेत्र हुने गरी संविधानमा पहिलो संशोधन आफ्नै सरकारको पालामा भयो। नेपालको निर्वाचनमा भारतीय मतदाताले परिणामको टुङ्गो लगाइदिए। भारतको आर्थिक, नैतिक, भौतिक सहयोगमा नेपालका पुँजीवादी शासक दलले चुनावमा बहुमत ल्याए। कथित वाम गठबन्धन अगाडि पऱ्यो। यसरी ओली झुटाहा वा फटाहा सावित भए भने मोदी लुटाहा। अब देश जोगाउने अभिभारा फेरि पनि नयाँ पुस्ताको काँधमा आएको छ। नेक्राविसङ्घले त्यसको अगुवाइ गर्नुपर्छ। माध्यमिक तहदेखि नै देशभक्तिको भावना, सार्वभौमिकताको रक्षा र भारतीय थिचोमिचोबारे जानकारी दिनुपर्छ र विरोधमा सङ्घर्ष गर्न सिकाउनुपर्छ। कलेज विश्वविद्यालयका विद्यार्थी अग्रमोर्चामा रही सङ्घर्षलाई उचाइमा पुऱ्याउनुपर्छ।

विश्वको विभिन्न देशको इतिहास अध्ययन गर्दा, क्रान्तिकारी नेताहरूको जीवनी पढ्दा विद्यालय, विश्वविद्यालय जीवनमै क्रान्तिकारी बन्दै क्रान्तिको बाटो तय गरेको पाइन्छ। विद्यार्थी जीवनमा केही कठिनाइ हुनु स्वाभाविक हो। अझ नेक्राविसङ्घमा लाग्नेलाई बढी नै हुन्छ। हामी विश्व सर्वहारा वर्गका महान गुरू एवं क्रान्तिकारी नेता कार्ल मार्क्सको दुई सय औं जन्म दिवस मनाइरहेका छौं। उहाँले १८ वर्षको उमेरमा एउटा कविता लेख्नुभएको थियो -

कठिनाइदेखि रूने जीवन मेरो लागि होइन
होइन, यो आँधीजस्तो मनलाई यो स्वीकार्य छैन
मलाई त चाहिन्छ एक महान उच्च लक्ष्य
अनि त्यसको निमित्त
सङ्घर्षको अटुल सिलसिला जीवनभर

मार्क्सको जति कठिन जीवन सायदै अरूको होला। जस्तै कठिन समयमा पनि सर्वहारा वर्गको मुक्तिको निम्ति उहाँले सोच्न र काम गर्न छाड्नुभएन। कैयौंपटक देशनिकाला र निर्वासनको जीवन बिताउनुपऱ्यो। आलु र पाउरोटीको भरमा जिउनुपर्थ्यो। प्रतिक्रियावादी सरकारलाई घृणा गर्दै उहाँले आप्नो नागरिकतासमेत त्याग्नुभयो, तर उद्देश्य छाड्नु भएन। कार्ल मार्क्ससँगै एंगेल्स, लेनिन, स्तालिन, माओ त्सेतुङ, किम जङ इल, फिडेल क्यास्ट्रो, रोजा लक्जेम्वर्ग, क्रुप्सकायालगायत क्रान्तिकारीहरू विद्यालय जीवनमै तयार हुनुभएको हो। उहाँहरूको जीवनबाट सिक्दै अगाडि बढ्नुपर्छ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ निःशुल्क, अनिवार्य र वैज्ञानिक शिक्षा, देशको सार्वभौमिकता भूअखण्डतालगायतका विषयमा सुरूदेखि सङ्घर्षरत छ। नयाँ समितिले उक्त सङ्घर्षलाई अझ उचाइमा पुऱ्याउन आवश्यक छ। त्यस्ता खालका गतिविधि आवश्यक छ। पार्टीको तत्कालीन उद्देश्य जनताको प्रजातन्त्र हुँदै दीर्घकालीन उद्देश्य समाजवाद र साम्यवाद स्थापनामा अझ जुझारू र सशक्त ढङ्गले अघि बढ्न सकोस् भन्ने अपेक्षासहित पुनः शुभकामना दिन्छु।

(नेक्राविसङ्घको बाऱ्हौं राष्ट्रिय सम्मेलनको उद्घाटन कार्यक्रम वैशाख २८ गते त्रिभुवन विश्वविद्यालयको सभा हलमा राख्नुभएको मन्तव्यको सार - सं)


KIPU SCIENTIFIC TRADERS
(SCIENCE & SURGICAL HOUSE)
Kirtipur Branch, Nayabazar
Head Office: Tripureshwor, Ph. No.: 014252365
Email: shankarmaharjan39@gmail.com, Mob. No.: 9851007840, 9841301590

अब कीर्तिपुरमा



हाम्रो सेवाहरू:
१) SCIENCE LAB को लागि चाहिने सम्पूर्ण सामानहरू
२) HOSPITAL, CLINIC, PATHOLOGY LAB का साथै SURGICAL सम्बन्धि सम्पूर्ण सामानहरू
३) तितेपाती (ARTEMESIA) तेलका साथै विभिन्न जडिबुटीका तेलहरू
४) बैज्ञानिक अनुसन्धान, शैक्षिक प्रयोगशालाका ग्लास, उपकरणहरू डिजाइनिङ्, उत्पादन तथा मर्मत
५) MATH LAB को लागि चाहिने आवश्यक सामानहरू

स्थान : शहीद स्मारक कलेज जाने बाटो
कीर्तिपुर गेटसँगै, नयाँबजार
सम्पर्क नं. : ९८५१००७८४०, ९८४१३०१५९०
त्रिपुरेश्वर शोरुम : ०१-४२५२३६५

Deals in: Lab Chemicals, Glassware, Apparatus, Surgical, Veterinary, Agriculture, Research, Industries, School, Campus, Hospital Equipments etc.

# शुक्रसागर श्रेष्ठको संक्षिप्त परिचय



शुक्रसागर श्रेष्ठ वि.सं. २००९ (२५ जुन, १९५२) मा कीर्तिपुर नगरपालिका वडा नं. ३ (तत्कालीन पालिफल गाविस साविक कीनपा वडा नं. ५) मा जन्म भएको हो। बुबा दशसुन्दर श्रेष्ठ र आमा उजेली श्रेष्ठको कोखबाट माहिला छोराको रुपमा जन्म भएको थियो।

विद्यालय जीवन कीर्तिपुरको पाठशाला, पद्मोदय स्कुल हुँदै शान्ति निकेतनबाट २०२६ सालमा प्रवेशिका परीक्षा पास गर्नुभयो। प्रविणता प्रमाणपत्र तह त्रिविवि बोर्डबाट २०३२, २०३५ मा स्नातक र २०४२ सालमा नेपालको इतिहास संस्कृति र पुरातत्व मुख्य विषय लिई स्नातकोत्तर उतीर्ण गर्नुभएको थियो।

उच्च शिक्षा हासिल गर्ने क्रममा २०३७/०३८ सालमा साल्जवर्ग अष्ट्रियमा होटल र पर्यटन व्यवस्थापन अध्ययन संस्थानबाट पर्यटनको व्यवस्थापनमा स्नातक गर्नुभयो। वि.सं. २०४१ साल मा क्वाललम्पुर मलेसियाको Pusat Daya Pengeluaran Negara ( Insititue of Productivity) बाट होटल तथा रेष्टुराँ सुपरभिजन कोर्ष प्राप्त गर्नुभएको थियो। वि.सं. २०४६-०४८ मा नयाँ दिल्लीस्थित पुरातत्व अध्ययन संस्थानबाट दुई वर्षे पुरातत्वको स्नातक हासिल गर्नुभएको थियो।

वहाँले विभिन्न देशमा गएर ज्ञान मात्र हासिल गरेनन् अन्तर्राष्ट्रिय सेमिनारमा समेत सहभागी भई नेपालको परिचय दिनुभयो। २०५४ सालमा काठमाडौंमा भएको सार्क राष्ट्रहरुको पुरातत्व सम्बन्धी क्षेत्रीय सेमिनार, २०६८ मा टुर्कमेस्थानको अस्कावाद, २०७० मा किर्गिस्थानको विस्केकमा शिल्क रोड सम्बन्धी सेमिनार र २०७१ मा काठमाडौंमा भएको दक्षिण एसियाको शिल्क रोड सम्बन्धी सेमिनारमा सहभागी हुनु भएको थियो।

सन् १९७२-१९८५ सम्म पर्यटन विभाग, १९८५-१९८९ सम्म पुरातत्व विभागमा लिपि विशेषज्ञ, १९८९-१९९९ सम्म पुरातत्व विभागको अधिकृत, १९९९-२००५ सम्म पुरातत्व विभाका प्रमुख भएर काम गर्नुभएको थियो भने २००५ मै स्वेच्छिक अवकास लिनुभएको थियो।

वहाँले विश्व सम्पदाको चाँगुनारायण, जर्मनी पुरातत्वविद्सँग मिलेर तल्लो मुस्ताङ्ग क्षेत्र, राष्ट्रिय भौगर्भिक अमेरिकासँग सहकार्य गरी माथिल्लो मुस्ताङ्ग र रामग्राम स्तुपा उत्खन्न परियोजनालगायतका कार्यहरु गर्नुभएको थियो।

वहाँले पुरातत्व सम्बन्धी पुस्तकहरु र विभिन्न पत्रपत्रिकामार्फत् लेखहरु प्रकाशित गरी नेपालको सांस्कृतिक सम्पदाहरुलाई संरक्षण, सम्बर्द्धन गर्ने काममा लाग्नुहुन्थ्यो।

**प्रकाशित कृतिहरु यस प्रकार छन्:**

- कीर्तिपुरको पुरातात्वि र सांस्कृतिक इतिहास
- Jarunhiti

**KIRTIPUR**

**AN URBAN COMMUNITY IN NEPAL – ITS PEOPLE, TOWN PLANNING, ARCHITECTURE AND ARTS**

यो कृति सन् १९९४ माARAXUS BOOKS लण्डनबाट प्रकाशित भएको थियो। जम्मा १२ जना लेखकहरूको आलेख रहेको यस पुस्तकमा कीर्तिपुरका विविध पक्षहरूकाबारेमा मात्र वर्णन गरिएको छ। MehrdadShokoohy and Natalie H. Shokoohy द्वारा सम्पादित तथा वरिष्ठ पुरातत्वविद शुक्रसागर श्रेष्ठको विशेष सहयोग, सल्लाह र सुझावमा प्रकाशित प्रस्तुत कृतिमा कीर्तिपुरको इतिहास, परम्परागत घर त्यसका प्रकारहरू, निर्माण सामाग्रीहरू, तले शैलीकामन्दिरहरू आदि विभिन्न विषयहरू समेटिएका छन्। त्यति मात्र नभई यसमा शुक्रसागर श्रेष्ठका Social Life and festivals र Art and Antiquities शीर्षकका दुईवटा महत्वपूर्ण लेखहरू पनि संग्रहित छन्। पहिलो आलेखमा कीर्तिपुरको सामाजिक जीवन तथा विभिन्न चाडपर्व, जात्राहरू इन्द्रायणी जात्रा, गाइजात्रा आदिको बारेमा विस्तृत वर्णन गरिएको छ भने अर्को लेखमा यस ठाउँको प्राचीन प्रस्तर धातु तथा काष्ठकला, चित्रकला आदिको विस्तृत विवरण भएकाले त्यसबाट कीर्तिपुरको इतिहास जान्न थप मद्दत पुऱ्याएको छ।

**Street Shrines of Kirtipur, Nepal, As Long as Sun and Moon Endure**

प्रस्तुत पुस्तक सन् २०१४ मा ARAXUS BOOKS लण्डनबाट प्रकाशित भएको थियो। यो पुस्तकको शीर्षकले नै बिषयबस्तुको महत्वलाई झल्काइरहेको छ। यो पुस्तकको प्रकाशन Mehrdad Shokoohy and Natalie H. Shokoohy र Sukra Sagar Shrestha को संयुक्त प्रयासबाट मात्र संभव भएको थियो। यसमा कीर्तिपुरको हरेक टोल, गल्ली, बहा:, बहि, चुक, ननी आदिमा अवस्थित मठ मन्दिर, मूर्ति आदिको नापजाँच, फोटो सहितको विस्तृत विवरण रहेको छ। यति मात्र नभई टोल, गल्ली, चुक, ननी, मठ मन्दिरबाट हराएका सम्पदाहरुको पनि जानकारी लिन सकिन्छ।

यो पुस्तक प्रकाशन गर्न शुक्रसागर श्रेष्ठको बर्षौंको मेहनत लागेको थियो। यसमा पटक पटक स्थलगतअध्ययन, अनुसन्धान, नाप जाँच उहाँ आफैले गर्नु भएको थियो। यसमा समेटिएका दुर्लभ विवरणहरू कीर्तिपुरको धार्मिक, साँस्कृतिक तथा पुरातात्विक अध्ययनमा अत्यन्तै महत्वपूर्ण रहेको छ। यति मात्र नभई उहाँको कृति तथा लेखहरूको अध्ययनबाट कीर्तिपुरको समग्र संस्कृति तथा वास्तु कलाको विहङ्गम तस्वीर हाम्रा सामुन्ने उभिन आईपुग्दछ।

# सम्झनामा शुक्रसागर

– प्रा.डा. रामकृष्ण महर्जन

मेरा सीमित मिल्ने साथीहरूमध्ये शुक्रसागर श्रेष्ठ पनि एक हुन्। म वहाँलाई एक विविध प्रतिभा भएको व्यक्तिको रूपमा सम्झन चाहन्छु। ललित कला, पर्यटन, संस्कृति, पुरातत्व, भाषा, फोटोग्राफी, भूगोल, इतिहास, आदि क्षेत्रमा विशेष अनुभव संगालेका वहाँ धेरैको लागि अपरिचित व्यक्ति नै हुनुहुन्छ। मनमा कुनै कुरा नराखी स्पष्ट बोल्ने बानीले गर्दा धेरै मानिसलाई वहाँको व्यवहार निको नलागेको हुन सक्छ। तर वहाँको निकट साथीहरूले मात्र वहाँको प्रतिभाबारे चर्चा गर्ने गरेको पाइन्छ। बेलाबेलामा समुदायमा एक्लो भएको अनुभव सुनाउँदा म वहाँलाई छाता खोलेपछि चुचो त खाली विन्दू मात्रै हुन्छ तर तलतिर आएर विस्तारै फराकिलो भएर आउँछ। जसरी छाताको आधार एउटा डण्डी हो त्यस्तै तपाईं भनेको समाजको आधार हो भनी सम्झाउने गरेका कुरा अझै पनि मेरो दिमागमा ताजै छ। वहाँको सम्झनालाई निम्न बुँदाहरूमा प्रस्तुत गर्न चाहन्छु :

- सर्वप्रथम नीलकण्ठ अमात्य सरको भाइको तस्वीर चित्रण गरेको नै मैले देखेको वहाँको पहिलो कृति थियो। वहाँ भाइ बागमतीमा दुर्घटना भई दिवंगत हुनु भएको थियो।
- वहाँको दोस्रो कार्य त्रिभुवन विश्वविद्यालयको रजत जयन्ती पार्क (तीन कुने) मा साइन बोर्ड लेख्दै गर्दा हो।
- वहाँ अस्ट्रियाबाट पढाइ सकाएर नेपाल फर्केको दिन विमानस्थल भन्सारमा सामना गरेको झन्झटले रत्नपार्कमा बरबराउँदै गाली गरेको दृश्य पनि मेरो दिमागमा अझै ताजा छ।
- वि. सं. २०३८ सालतिर कीर्तिपुर नयाँबजारमा मैले पसल सुरु गरेपछि हाम्रो भेट अलि बाक्लै हुन थाल्यो।
- अहिले यौनिकता र यौन तथा प्रजनन स्वास्थ्यमा जुन म काम गरिरहेको छु, विशेषज्ञता देखाइरहेको छु, त्यसमा वहाँले पढ्न दिएका पुस्तक तथा हामी बिचको छलफल र ज्ञानकै कारण मैले त्यो उचाइ हासिल गरेको मेरो अनुभव हो।
- वहाँले अँग्रेजी राम्रो बनाउन "Write better speak better" नामक पुस्तक ल्याएर दिएको कारणले पनि अँग्रेजीमा आफूलाई अलि राम्रो बनाउन सकेको अनुभव मैले गरेको छु।
- कोअपरेटिभ टाइपिङ्ग तथा सेक्रेटेरियल्ज सञ्चालन गर्ने क्रममा हामी साइन बोर्ड लेख्दै थियौं। हाम्रो अपरिपक्व काम देखेर वहाँले पुरै साइन बोर्ड आफैले लेखिदिनु भएको कुरा पनि यहा स्मरण गर्न चाहन्छु।
- २०४६ चैत्र १८ गते कीर्तिपुरमा महिलाहरूले खाली घडा लिएर जुलुस निकालेको योजनाकारमा हामी दुई नै थियौं। २०४६ चैत्र १७ मा पेशा व्यवसायीको पक्राउपछि कीर्तिपुरलाई तीन घेरामा नाकाबन्दी गरेको थियो। त्यसबेला बाहिर निस्केका सबै पुरुषलाई पक्रेर पुलिसले भ्यानमा हाल्दै थियो। महिलाहरू भने पानी लिन ताँतीका ताँती नयाँबजारमा खाली घडा लिएर यत्रतत्र दौडिरहेका थिए। हामीले पसलमा बस्दाबस्दै यही खाली घडा बोकेर जुलुस गर्न पाए कस्तो होला भनी चिन्तन गरेको कारणले नै भोलीपल्ट उक्त जुलुस निस्केको हो। उक्त कार्यक्रम हामीले सोचेको भन्दा धेरै सफल भएको थियो।
- २०४६ चैत्र २१ का दिन मंगल मा. वि. को छतमा आम सभा गर्ने विचार पनि हामी दुई जना लगायत केशव अमात्यको थियो।
- मैले जापानमा आयोजना भएको अन्तर्राष्ट्रिय सेमिनारमा प्रस्तुत गर्न तयार गरेको "Children in Nepal" कार्यपत्रको भाषा सम्पादन वहाँले नै गर्नु भएको थियो।
- वहाँको एउटा इच्छा थियो जनगायक रामकृष्ण दुवाल जस्तो प्रतिभालाई अगाडि ल्याउन हामीले आफ्नै खर्चमा भए पनि हाम्रो क्षेत्रमैं केही कार्यक्रम राखेर धरातल बनाउनु पर्छ भन्ने। त्यसको लागि प्रयास पनि गरियो तर विविध कारणले यहाँको त्यो इच्छा पुरा गर्न सकिएन।
- तीन चार पटकसँगै भोज खाने बेलामा वहाँले धेरै कम खाने गरेकोमा तपाईंको स्वास्थ्यको लागि कम्तीमा दिनको १८०० किलो क्यालोरी आवश्यक पर्छ र तपाईंले खाने गरेका खानाले त्यो क्यारोली पुग्दैन भनी सम्झाएको थिएँ तर वहाँ आफूलाई १२०० क्यालोरी भए पुग्छ भन्ने अडानमा हुनुहुन्थ्यो। त्यो विषयमा मैले वहाँको लागि केही गर्न चाहेर पनि गर्न नसकेको प्रयास थियो।

शुक्रसागर हामी माझ भौतिक रूपमा अगाडि नभए पनि हाम्रो सम्झनामा सधैं रहिरहने छ।

# पुरातत्वलाई वैज्ञानिक ढंगले अध्ययनका ज्ञाता हुनुहुन्छ शुक्रसागर

– छविकार सुनिल डंगोल

पुरातत्व विभागका पूर्व प्रमुख शुक्रसागर श्रेष्ठ पुरातत्वलाई वैज्ञानिक ढंगले अध्ययनका ज्ञाता हुनुहुन्छ।

पुरातत्व विज्ञानसँग सम्बन्धित छ भन्दै हरेक सम्पदाका वस्तुलाई गहिरो अध्ययन गरी वैज्ञानिक ढंगले समाधान गर्ने व्यक्ति हो शुक्रसागर।

अध्ययनमा तेजिलो र प्रस्तुतिमा स्पष्ट ज्ञान दिने व्यक्ति हुनुहुन्थ्यो।

अध्ययन गर्दा ३/४ वर्ष लाग्ने वहाँसँग त्यो विषयमा १-२ घण्टा बस्दा त्यति छिटो ज्ञान दिनसक्ने सक्षम हुनुहुन्छ।

अरुले नगरेको जिम्मेवारी पनि आफै जिम्मेवारी ठानी गहिरो अध्ययन र अनुसन्धान गरेर काम पूरा गर्नुहुन्थ्यो।

कुनै विषयको काम छोएपछि पुरा गरेरै छाड्ने व्यक्तित्वका धनी हुनुहुन्छ।

रामग्राम स्तुपा उत्खनन परियोजना सफलता र शिल्क रोडबारे नेपालमा छलफलमा ल्याउने व्यक्ति हुनुहुन्थ्यो।


पुरातत्व विभागका प्रमुखको भूमिका निभाइसक्नु भएका पुरातत्वविद शुक्रसागर सरसित मैले हुनमानढोकामा सँगै काम गर्ने अवसर मिलेको थियो।

२०७२ सालको भूकम्पले हनुमानढोका परिसरमा भत्केका मन्दिरहरुको भग्नावशेषलाई कुन मन्दिरको कुन सामान भनी छुट्याउने कार्यमा डेढ वर्ष अन्तिम कार्य गर्नुभएको थियो। त्यसको प्रतिवेदन पुरातत्व विभाग र युनेस्कोलाई हस्तान्तरण पनि भइसकेको छ।



मेरो अध्ययनमा सांस्कृतिक सम्पदा, इतिहास पुरातत्वका एक वैज्ञानिक रुपमा लिएको छु। वहाँको निधनले देशले एक कुशल, सक्षम, पुरातत्वविद् गुमाएको छ।

वहाँको विगतको योगदानबाट प्रेरणा लिई अघि बढ्नुपर्ने र प्रकाशोन्मुख पुस्तकहरु प्रकाशन गर्न सकेमा वहाँप्रति सच्चा श्रद्धाञ्जली हुनेछ।



## श्रेष्ठ शुक्रसागरप्रति सम्झनाको श्रद्धासुमन

*– प्रयागमान प्रधान*

दाजुभाई जस्तै, साथी जस्तै एउटै टोलमा हुर्केको शुक्रसागर श्रेष्ठ आज सम्झनामा मात्र रहे, नश्वर देह त्यागेर गए । नपत्याउँदो रुपमा ख्यालठट्टा गर्नु हुन्थ्यो, अध्ययनमा अत्यन्त लगनशील हुनु हुन्थ्यो । ललितकला साथै त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्द्रीय विभागमा स्नातकोत्तर (एम.ए.)को अध्ययन क्रममा नेवारी लिपि सिकेर मेरो नाम रञ्जना लिपिमा लेखेर देखाउँदा म अत्यन्त रमाएको थिएँ । सोहि उत्प्रेरणाले दशकौंपछि मैले पनि नेपाली इतिहास, संस्कृति र पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर (एम.ए.) गरेको थिएँ । उहाँले नेपालको विभिन्न स्थान मुस्ताङ्ग, लुम्बिनी, रामग्राम आदि थुप्रै ठाउँको उत्खनन्, अन्वेषण, अनुसन्धान र अध्ययन गर्नु भएको थियो भने कीर्तिपुरको सांस्कृतिक र पुरातात्त्विक इतिहास र KIRTIPUR An Urban Community in Nepal – Its people, townplanning, architecture and arts नामक पुस्तक लेखेर कीर्तिपुरको ऐतिहासिक उजागरण गर्नमा योगदान गरेर जानु भयो ।

नेपालको सांस्कृतिक र पुरातात्त्विक सम्पदाको ज्ञाता भइ नेपाली अँग्रेजी भाषामा लेख तथा पुस्तक लेखेर लेखकको रुपमा चिन्हाउँदै राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पुरातत्वविद्को रुपमा स्थापित हुन सफल व्यक्तित्व हुनुहुन्थ्यो- शुक्रसागर ! कीर्तिपुरको विभिन्न मन्दिर, फल्चा मर्मत सम्भार गर्न/गराउन समेत विशेष भूमिका निर्वाह गरेर यस लोक छोडेर पर्लोक हुनु भएका श्रेष्ठ शुक्रसागरप्रति म सम्झनाको श्रद्धासुमन अर्पण गर्दछु ।

## म रूँदा रूँदै आँसु नै सुक्यो

*– शान्ति श्रेष्ठ, पत्नी*

२०४२ साल चैत्र महिनामा मेरो विवाह भयो । वहाँले २०२९ साल अर्थात् १९७२ मा पर्यटन विभागमा कर्मचारी हुनुहुन्थ्यो । २०४२ सालमा कामको सिलसिलामा मलेसियामा हुनुहुन्थ्यो । विदेशमा रहँदै नेपालमा वहाँलाई पुरातत्व विभागमा नियुक्त गरियो । पुरातत्व विभागमा काम गरेको केही वर्षमै २०४६ सालमा अधिकृत हुनुभयो भने सन् १९९९ देखि २००५ सम्म अर्थात् २०६३ मा पुरातत्व विभागका प्रमुख बन्नुभयो । त्यही वर्ष स्वेच्छिक अवकाश लिनुभयो । कार्यालयमै रहेर लेखन समय दिननसकेपछि चार वर्ष बाँकी रहँदै अवकाश लिनुभएका शुक्रसागरले सांस्कृतिक सम्पदा पुरातत्वलगायतका विषयमा धेरै लेख लेख्नुभयो ।

वहाँको कार्यालय समयमा होस या परिवारमा वहाँलाई सधैं साथ दिन पाउँदा सान्है नै आनन्द लाग्दथ्यो । देश विदेशका पाहुनाहरु घरमा आउनु हुन्थ्यो । सबैलाई आफूसँग भएको ज्ञान बिना हिच्किचाहत बताउनुहुन्थ्यो । त्यतिमात्र नभई आफ्नो विषयसँग सम्बन्धी पुस्तक किन्न आउने विद्यार्थीहरुलाई किताब पसलमा नपुग पैसा पनि तिरेर सेवा गर्नुहुन्थ्यो । त्यो कुरा बेलुकी घरमा आएर सुनाउनु हुन्थ्यो र कमाएको पैसा मरेर लिएर जान पाउँदैन सेवा गर्नुपर्छ भनी मलाई सान्त्वना दिनुहुन्थ्यो । जीवनको ६५ वर्षमा सुगर रोग, कलेजो समस्या, हेपाटाइटिसले समेत दुःख दिएपछि यो धर्ती सदाको लागि त्याग्नुभयो ।

सामान्य ज्वरो आएको हुँदा खासीबजारसम्म हिँडेर ट्याक्सीमा बसेर चेकअपको लागि अल्का अस्पताल पुग्नुभएका वहाँलाई तत्काल भर्ना गरी उपचार गर्नुपर्छ भनेपछि भर्ना भई उपचार समेत थालेको थियो । उपचार गराउने क्रममा अल्काबाट सुमेरु अस्पताल रिफर भयो भने अन्तिममा ग्राण्डी अस्पतालमा साढे १ दिन उपचार गरे तर मृत्युसँग जित्न सकेन । (भावविह्वल हुँदै पत्नी शान्ति श्रेष्ठ)

सबैभन्दा दुःखको कुरा मर्नुभन्दा चारदिन पछि जन्मोत्सव मनाउने भनेर सबै सामग्री तयार गरिसकेको थियो । त्यो गर्न पाएन ।

## समकालीन साथी जयको आँखामा शुक्र
## कसैप्रति कुनियत नराख्ने व्यक्ति

*– जय बहादुर महर्जन*



**बाल्यकाल**

साथी शुक्रसागर श्रेष्ठको पारिवारिक दृष्टिले माइला छोरा हुनुहुन्थ्यो । परिवारको आर्थिक अवस्था कमजोर रहेकोले शुक्रसागर श्रेष्ठको बाल्यकाल पनि कष्टकर थियो ।

विद्यालयमा जाँदा जुत्ता नलगाई जानुहुन्थ्यो । घरमा पुग्दा के खाउँ, के लाउँको अवस्थामा थियो । बुबाको कमाई कम भएपनि शुक्रसागर मिहेनती र लगनशील थिए ।

विद्यालय जीवन कीर्तिपुर पाठशालाबाट सुरु भएर पद्मोदय हुँदै शान्ति निकुञ्जबाट एसएलसी पास गर्नुभयो ।

शिक्षामा तेजिलो व्यक्ति कीर्तिपुरको मात्र होइन देशकै एक प्रतिभाशाली नामी पुत्रको रुपमा जन्म भएको मलाई लाग्दछ ।

बाल्यकाल देखिनै कसैलई नबिगार्ने, कुनियत नराख्ने, चित्त नबुझेमा सिधा (फ्याङ्कली) जवाफ दिने, कसैले गलत कुरा र काम गरेमा सम्झाई बुझाई तह लगाउन सक्ने व्यक्ति हुनुहुन्थ्यो वहाँ ।

**वैवाहिक जीवन**

२०४२ सालमा पाटन सुन्धाराकी शान्ति श्रेष्ठसँग विवाह भयो । विवाहको विषयलाई लिएर पारिवारिक बुबा आमालाई चित्त बुझेन । परिवारमा विवाहको वातावरण बनाउन साथी केशव र म आफै लागें र विवाहको दिन जन्तीसम्म गएँ । विवाहपछि घर समस्या हुँदा घरमा के भन्ने/नभन्नेबारे आफै अग्रसर भएर मिलाउने काम गर्नुहुन्थ्यो ।

घरमा सबै दाजुभाई र बहिनीहरुलाई पढ्ने वातावरण दिने काममा शुक्रको ठूलो हात थियो । भानिजलाई समेत पढाए ।

**गृहस्थीमा शुक्रसागर**

शुक्रसागरको घरको अवस्था कमजोर भएकोले वहाँले चिन्तन गर्ने शक्ति छ । बाबुको दुःख चिन्ने व्यक्तिको रुपमा वहाँलाई हुनुहुन्थ्यो ।

मानिस बाँच्ने भनेको अरुको सेवाको लागि भन्नुहुन्छ, आफूले गर्न सक्ने काम आफै अग्रसर हुनुहुन्छ, आफ्नो परिवारमा ६ जना दाजुभाईलाई परिपञ्च अनुसार शिक्षामात्र होइन घरमा कुनै कलह नहुने गरी अंशबण्डा समेत गरिने काम गर्नुभयो ।

प्रायको घरमा दाजुभाई अंशबण्डाको कारण झगडा हुने र बोली समेत बन्द हुन्थ्यो तर शुक्रसागरले आफ्नो परिवारमा त्यो वातावरण सृजना गर्न दिएन । आफैले त्याग गरेर पारिवारिक समस्या सुल्झाएर राम्रो गर्ने एक प्रेरणा व्यक्ति बन्नुभयो ।

देश विदेशमा पुगेर नेपाल चिनाउने व्यक्तिमध्ये वहाँ पनि एक हो ।

आफ्नो अभिव्यक्तबाट पुस्तक लेखेर, लेख लेखेर देशको सम्पदा, संस्कृति इतिहास र अन्य विविध विषयका ज्ञाता हुनुहुन्थ्यो शुक्र सागर ।

एकै परिवारको जस्तो अति मिल्ने साथी गुमाउनु परेको छ । धेरै दुःख लागेको छ । देशको नाम चम्काउन अग्रसर हुने व्यक्तिको मृत्यु हुँदा पशुपति घाटमा सामान्य नागरिक जस्तो व्यवहार देख्दा सान्है दुःख लाग्यो (भावविहवल हुँदै आँखाबाट आँसु झर्दै) ।

हामी सबैले साथी शुक्रसागरको प्रेरणा लिएर काम गर्न सकुँ ।


# शुक्रसागर श्रेष्ठ र मञ्जुश्री प्रतिमा



**– सुजिन्द्र महर्जन**
**संयोजक,**
**मञ्जुश्री प्रतिमा निर्माण समिति**
**कोषाध्यक्ष,**
**जलविनायक सामुदायिक वन उपभोक्ता समूह**

नेपालको पहिलो सिमेण्ट उद्योग, हिमाल सिमेण्ट कारखाना बन्द गरी स्थानान्तरण गर्ने तत्कालीन देउवा सरकारको निर्णय पश्चात् चोभार क्षेत्रमा समुदाय तहबाट नै केहि गर्नु पर्छ भन्ने भावनाले भरिएका युवा साथीहरुको पहलकदमीमा थालिएका अभियानको एक महत्वपूर्ण पाटो मञ्जुश्री प्रतिमा निर्माण योजना हो । यो योजनाको अवधारणा जलविनायक सामुदायिक वन उपभोक्ता समूहबाट ऐतिहासिक चोभार गल्छी परिसरमा मञ्जुश्री पार्क निर्माणका क्रममा आगाडि आएको हो । धार्मिक तथा पौराणिक अनि पर्यावरणीय पर्यटकीय केन्द्रका रुपमा उपत्यकाभित्रको एक महत्वपूर्ण गन्तव्यका रुपमा चोभार क्षेत्र स्थापित हुँदै गरेको सन्दर्भमा प्रतिमा निर्माण सम्बन्धी योजना आफैमा महत्वपूर्ण थियो । उक्त प्रतिमा निर्माण योजनालाई कसरी अगाडि बढाउने भन्ने विषयमा छलफलका क्रममा सबै जसो महानुभावहरुबाट सबै भन्दा सक्षम र उपयुक्त विज्ञ पुरातत्वविद् शुक्र सागर श्रेष्ठ हुने भन्ने सुझाव प्राप्त भयो ।

शुक्र सागर श्रेष्ठ, जाने सुनेको नाम, कहिल्यै भेटघाट नगरेको, नभएको । अनि कीर्तिपुरका राजनैतिक तथा सामाजिक नेता, कार्यकर्ताहरुले विज्ञ त हो तर अलि अप्ठ्यारो, घमण्डी मान्छेका रुपमा चित्रण गराएको स्मरण । यत्तिकैमा समय लिएर भेट्न गएँ वहाँकै कीर्तिपुर-३ स्थित घरमा । पहिलो भेटमा नै चिनजान गर्ने, मञ्जुश्री पार्क निर्माणको कुरा सहित समग्र विषयमा कुरा गरी प्रतिमा निर्माणका विषयमा छलफल केन्द्रित भयो । भेटका क्रममा वहाँ आफैले आफूलाई भीरमा फलेको फर्सिसँग पटकपटक तुलना गर्नु भए पनि त्यो भेटले मेरो मानसपटलमा श्रृजना गराईएको वहाँको चित्रलाई बदल्यो, पुरातत्व, सगरमाथा सहित भूगोल अनि बेकरी विषयका ज्ञाताका रुपमा । ज्ञाता पनि फरक किसिमको, जो आफूमा रहेको सम्पूर्ण ज्ञान, सूचना कोही उपयुक्त व्यक्तिलाई “खन्याउन” आतुर । न्यातपोल मन्दिरको महत्व भक्तपुरका लागि अहिले जति छ, चोभार, कीर्तिपुरका लागि मञ्जुश्रीको प्रतिमाको महत्व त्यो भन्दा कम नहुने गरी काम गर्नु पर्ने धारणा राख्नु भयो । पहिलो भेटमा नै वहाँले प्रतिमा निर्माणसँग सम्बन्धित प्राविधिक क्षेत्रको चुनौतिपूर्ण नेतृत्व लिन स्विकार गर्नु भयो । सामान्य मानवको उचाई (



६-७ फिट) बराबरको प्रतिमा निर्माणको शुरुवाती अवधारणालाई वहाँले पुरै बदल्न सुझाव दिनु भयो । मञ्जुश्रीको प्रतिमा निर्माण गर्ने सबैभन्दा उपयुक्त स्थान चोभार रहेको कारण यसमा हतार नगर्न र



सामान्य अनि सानो किसिमको प्रतिमा निर्माण गर्न नहुने प्रष्ट सुझाव दिनु भयो ।

तर प्रतिमा कस्तो कुन मुद्राको बनाउने, कति उचाईको बनाउने, केले बनाउने, अनि कुन कलाकारलाई बनाउन दिने ? कहाँनिर राख्ने, कता फर्काउने अनि बनाउन आवश्यक श्रोत साधन कसरी जुटाउने ? यी यावत प्रश्नहरुको जवाफ पाउन वहाँकै सल्लाहमा वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशी, प्रा.डा. मिलनरत्न शाक्य, डुण्डु बहादुर बज्राचार्य लगयातका बौद्ध विद्वान्हरुको भेलाको आयोजना गरियो । भेलामा छलफलका लागि वहाँकै निर्देशनमा कलाकार कमलेश महर्जनले बनाउनु भएको मञ्जुश्रीको माटोको मोडेल प्रस्तुत गरियो । त्यसमा सुधार गर्न विविध सुझावहरु प्राप्त भए । प्राप्त सुझावहरुका आधारमा शुरुमा कलाकार चन्द्रश्याम डंगोलले काठको मोडेल बनाउनु भयो । अनि त्यसमा पनि परिस्कृत गरी ३० ईन्चको मैनको मोडेल बनाउन वरिष्ठ कलाकार रविन्द्र ज्यापूलाई आग्रह गरियो । वहाँले बनाउनु भएको मोडेलको १० गुणा ठूलो कालो ढुंगाको प्रतिमा निर्माण गर्ने खाका बन्यो । प्रतिमा निर्माणको काम थाल्न कलाकार छान्ने, प्रतिमा निर्माणका लागि ढुंगा खोजेर ल्याउने र कामको नियमित अनुगमन गर्ने कामको चुनौती त बाँकी नै थियो । यो काम पनि शुक्र सागर श्रेष्ठबाट सहज रुपमा भयो । वहाँको रोजाईमा परेका कलाकार चन्द्रश्याम डंगोलको काम प्रतिको लगाव र आँटबाट वहाँ साँच्चै प्रभावित हुनु भयो । अनि आफ्नो मूर्तिकलाको स्नातकोत्तरसम्मको शैक्षिक यात्रा होस् या मूर्ति कलाकारिताको व्यावसायिक यात्राको दौरानमा आफूलाई विषय, विधागत रुपमा त्यति विस्तृत, स्पष्ट र किटानी सूचना, जानकारी र सल्लाह पहिलो पटक पाएकोमा कलाकार चन्द्रश्याम डंगोल पनि कम प्रफूल्ल थिएन ।

प्रतिमा निर्माणका लागि ढुंगा खोज्ने, ल्याउने अनि कुँद्ने काम सोचेको जस्तो सहज भएन, विभिन्न प्रशासनिक, प्राविधिक तथा आर्थिक व्यवधानहरु खडा भई नै रहे । प्रतिमा निर्माण योजनामा मात्र नभई समूहको हरेक समस्या समाधानमा हामीलाई सल्लाह सुझाव सहित साथ प्रदान गरेर हौसला प्रदान गर्दै जलविनायक सामुदायिक वन उपभोक्ता समूहको एक साँचो अभिभावकको स्थान समेत लिनु भयो । पहिलो भेटदेखि विभिन्न अवसरमा पटक पटक प्रतिमा ठडिएको हेर्न पाउँदिन होला भन्नु हुन्थ्यो वहाँ । सुरुमा जिस्किनु भएको हो कि जस्तो लाग्थ्यो, पछि चाहिं आफ्नो स्वास्थ्य जानीबुझीकन भन्नु भयो कि जस्तो लागेर निशब्द बनाउँथ्यो । मन प्रफूल्ल भएको बेला, फुरेको बेलामा मात्र काम गर्नुपर्ने, हतार गर्न पनि नहुने, लगातार पनि गर्न नहुने काम भन्नु हुन्थ्यो । प्रतिमा निर्माणका लागि वहाँको सहयोगी कलाकार सन्तलाल महर्जन र इन्जिनियरहरु त्रिरत्न महर्जन तथा हेमराज शाहीका कारण समेत वहाँमा आत्मविश्वास बढेको थियो । प्रतिमा निर्माण योजना ढिला, चाँडो सम्पन्न हुने कुरामा शुक्र सागर श्रेष्ठ विश्वस्त हुनु हुन्थ्यो । प्रतिमाको अगाडि बसेर प्रतिमा हेरेर घण्टौ घोत्लिएर बस्ने उत्कट ईच्छा धेरै पटक देखाउनु भयो । व्यस्त समयमा होस् या आफ्नो शारीरिक असक्ततायुक्त समयमा होस्, हरेक समयमा आफू र आफ्नो सबै कुरालाई पनि मतलब नगरी जीवनको अन्तिम घडि सम्म पनि प्रतिमा निर्माणको काममा चासो र चिन्ता जनाउनु हुन्थ्यो । अहिले प्रतिमा ठड्याउने काम सम्पन्न भई सकेको छ । अफसोच प्रतिमाको परिकल्पना पूरा भएको नहेरीकन वहाँ हामीबाट सदाका लागि बिदा हुनु भयो । वहाँको देहान्त भएकै साल २०७४ को अन्तिम दिन प्रतिमा ठड्याउने काम सम्पन्न भयो । प्रतिमाको काम अझ केहि बाँकी छ । प्रतिमा पेरिफेरीमा बसेर जारी योजना अगाडि बढाउन सदैव घचघच्याई रहनु हुनेछ । प्रतिमा तथा वहाँकै परिकल्पना अनुसार मञ्जुश्री तथा सगरमाथा सम्बन्धी अध्ययन केन्द्रको निर्माणले वहाँलाई कीर्तिपुर मात्र हैन विश्वसामु सदियौंसम्म अमर बनाउनेछ । प्रथम वार्षिक पुण्य तिथीमा हार्दिक श्रद्धा सुमन ।

-sujindram@gmail.com

# नीति तथा कार्यक्रम र बजेटमा नेमकिपाको सुझाव

– प्रेम सुवाल

विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकतामा कुनै नविनता भेटिएन । यसमा देश र जनताको हित गर्ने सुनिश्चितता देखिएन । यसकारण विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकतामा देहायबमोजिमका विषय समेट्नु आवश्यक छ :-

जिोत्नेलाई जमिन वितरण गर्ने क्रान्तिकारी भूमिसुधार र कृषि उत्पादन बढाउने वैज्ञानिक खेती प्रणाली आवश्यक छ । कृषि उत्पादन घट्नुमा आजसम्मका सरकारहरू दोषी छन् । सरकारले किसानको हितमा कृषि उत्पादनको मूल्य निर्धारण गर्नुपर्छ । भूकम्पपछिको पुन:स्थापना समयमै सम्पन्न गर्न अनुदान रु. १० लाख दिनु आवश्यक छ ।

- सत्तरी लाख युवाहरूलाई बहुराष्ट्रिय कम्पनीहरूको लागि दासजस्तै बिक्री गरेर उद्योग र व्यापारको विकास हुँदैन । निर्यात प्रवर्द्धन गर्न देशमै उद्योगधन्दा विस्तार युवालाई रोजगारी दिनु आवश्यक छ । तीस वर्ष यता तीसभन्दा बढी सार्वजनिक संस्थान कौडीको मोलमा बिक्री गरिएकै कारण देशको अर्थतन्त्र ओरालो लागेको हो । निजीकरण प्रक्रियाको टिप्पणी उठाउने र सदर गर्ने कर्मचारीहरू तथा संलग्न भ्रष्टाचारीहरूलाई जेल सजायसहितको कारबाही गर्नु आवश्यक छ ।

- कोशी, गण्डक, टनकपुर, महाकाली, माथिल्लो कर्णाली, अरुण तेस्रोलगायत नदीनालाहरू भारतलाई दिने देशघाती नीतिकै कारण व्यापार घाटा बढेको हो । नेपालीकै लगानीमा जलविद्युत् उत्पादन गरिएको भए यतिबेला ट्रली बस, रोप वे, केबुलकारको बन्दोबस्त भइसक्थ्यो तथा खाना पकाउने ग्यास, गाडीको इन्धन र सडक कालोपत्र भइरहेको खर्च अन्य विकास क्षेत्रमा लगाउन सकिन्थ्यो ।

- शिक्षालाई उत्पादन श्रमसँग मिलाउँदै माध्यमिक तहसम्म अनिवार्य तथा नि:शुल्क र विश्वविद्यालय शिक्षा नि:शुल्क गर्नु आवश्यक छ । विश्वविद्यालय स्थापनालाई नियन्त्रण गर्ने साम्राज्यवादी, विस्तारवादी र जनविरोधी नीति अन्त्य गरी स्थानीय तहमा विश्वविद्यालय स्थापना गरिनुपर्छ । यसले शिक्षामा पुरातन र सामन्ती सोच भएका जनविरोधी नाफामुखी र शोषक प्रवृत्तिमा अंकुश लाग्नेछ ।

- हरेक जिल्ला र स्थानीय तहमा सुविधा सम्पन्न अस्पताल गर्दा चिकित्सा शिक्षामा एकाधिकार पूँजीको अन्त्य हुनेछ । हरेक प्रदेशमा आवश्यकतानुसार सार्वजनिक र स्थानीय चिकित्सा महाविद्यालय स्थापना गरिए योग्य छात्रछात्राहरूलाई चिकित्सा विज्ञान अध्ययन गर्न नदिने फलामे सिक्री चुँडिनेछ र भ्रष्टाचारीहरू शिक्षा क्षेत्रबाट धपाइने छन् ।

- नेपालको प्रशासन क्षेत्रमा निश्चित भाषा र जातिको वर्चस्वलाई अन्त्य गर्नु आवश्यक छ । मजदुर युनियन पूँजीवादी शोषणको विरोधमा कामदार वर्गको मुक्तिको निम्ति स्थापित सङ्गठन हो । आफूहरूले मात्र सहुलियत खाने ट्रेडयुनियन सम्भ्रान्त वर्गको ट्रेडयुनियन हो । सिंहदरवारभित्रका यस्ता ट्रेडयुनियन भएकोले अन्त्य हुन आवश्यक छ ।

- न्यायक्षेत्रमा पनि शासक दलहरूको भागवण्डाको कारण पक्षपात र भ्रष्टाचार बढेको हुँदा न्यायालयको सम्मान पुन:स्थापना गर्नु आवश्यक छ ।

- जनताको स्वास्थ्यमा नकारात्मक असर पर्ने गरी खाद्यान्नमा मिसावट गर्ने, गुणस्तरहीन वस्तु उत्पादन गर्ने, औषधि उत्पादन गर्ने र कालोबजारी गर्नेहरूलाई दण्ड जरिवानासहित जेल सजाय दिनु आवश्यक छ ।

- आर्थिक समानता, व्यक्तित्व विकासमा समान अवसर, काम मामको अधिकारसहितको मानव अधिकारको प्रत्याभूति गर्नुपर्दछ । बोक्सी-बोक्साको आरोप, छाउपडी, दहेज, घरेलु हिंसा, जातीय छुवाछुतलगायत अन्धविश्वासविरुद्ध जनचेतना फैलाउन विद्यालय पाठ्यक्रममा यी विषयहरू नराख्ने सरकारहरू दोषी हुन् । हरेक नगर र गाउँका वडामा शिशुशाला र बालोद्यान बन्दोबस्त गरी लाखौं महिलालाई रोजगारी दिनु आवश्यक छ ।

- ज्येष्ठ नागरिकहरूको निम्ति आदर निकेतनको बन्दोबस्त हुनु आवश्यक छ ।

- देशको परराष्ट्र नीतिको अर्थ कुनै देशले नेपालको सीमा अतिक्रमण र आन्तरिक मामिलामाथि हस्तक्षेप गरेको सहनु होइन ।

- सिद्धान्त र प्राथमिकतामा वामपक्षीय चुनावी घोषणापत्र उल्लेख छ तर एमाले अध्यक्ष केपी ओलीले २०७४ मंसिर १५ गतेको अन्नपूर्ण दैनिकसँगको अन्तर्वार्तामा एमाले र माओवादीको वाम र कम्युनिष्ट गठबन्धन नभएको बताउनुभएको थियो ।



- नेपाली जनता अहिले घरघरमा खाना पकाउने ग्यासभन्दा खानेपानी माग्दैछन् र पूर्व-पश्चिम र उत्तर-दक्षिण रेलभन्दा पनि काठमाडौंमा सडक जाम हटाउन चाहन्छन् । भारतीय गाडी बढी आयात गरी कमिसन खाने, विकास र समृद्धिको नाममा पुराना बस्ती भत्काएर सडक चौडा गर्ने ठेकेदार पोस्ने तथा बाहिरी चक्रपथ बनाई थप प्रदूषित सहर बनाउने काम रोक्नु आवश्यक छ । देशको सन्तुलित विकास गर्न सबै सदरमुकामहरूलाई नै सुविधासम्पन्न सहर र बस्ती बनाउनु आवश्यक छ । प्रदेश र जिल्लामा अस्पताल र कलेज स्थापना गरी सुविधा दिनुपर्छ । सुविधा काठमाडौंमा मात्र केन्द्रित गर्नुहुँदैन, विकेन्द्रित गर्नु आवश्यक छ ।

- सरकारको नीति तथा कार्यक्रम र बजेटमा यी विषय उल्लेख गर्नु आवश्यक छ । दार्शनिकहरूले राजनीतिक क्रान्तिले मात्र केही नहुने सामाजिक क्रान्ति आवश्यक हुने बताएका छन् । सामाजिक क्रान्ति भनेको निजीकरण होइन, नेतृत्व समाजले लिने हो । अर्को एक दार्शनिकहरूले पूँजीवादको पूर्ण विकास भइनसकेको देशमा पनि समाजवादी क्रान्ति हुने बताएका थिए । तर चुनावबाट समाजवाद आउने भ्रममा पाल्नु हुँदैन ।

(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले अर्थमन्त्री युवराज खतिवडाद्वारा प्रस्तुत सिद्धान्त र प्राथमिकताबारे वैशाख २७ गतेको प्रतिनिधिसभाको बैठकमा राख्नुभएको मन्तव्य- सं.)


## हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. १९९४/०९/२५

स्वर्गारोहण: वि.सं. २०७५/०१/२१

**स्व. राम बहादुर महर्जन**

यस ज्येष्ठ नागरिक समाज कीर्तिपुरको स्थापना कालदेखि संस्थाको विकास र उत्थानमा सक्रिय टेवा दिई आउनुभएका कीर्तिपुर नपा वडा नं. १ लाय्कू निवासी **श्री राम बहादुर महर्जन**को मिति २०७५ बैशाख २१ गते असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

यस दु:खद् घडिमा शोक सन्तप्त परिवारजन कीर्तिपुर नपा वडा नं. १ का वडाध्यक्ष एवं समाजसेवी हर्ष महर्जन, समाजसेवी राममान महर्जन, समाजसेवी एवं शिक्षक देवानन्द महर्जनलगायत सम्पूर्ण परिवारप्रति धैर्य धारण गर्ने शक्ति आजु बाघभैरवले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

निलकण्ठ अमात्य, अध्यक्ष

**श्री बाघभैरव ज्येष्ठ नागरिक समाज**

कीर्तिपुर परिवार

## हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. १९७९/०१/१२

स्वर्गारोहण: वि.सं. २०७५/०१/१०

**स्व. भक्तलाल महर्जन**

यस ज्येष्ठ नागरिक समाज कीर्तिपुरका सल्लाहकार एवं समाजको विकास र उत्थानमा सक्रिय टेवा दिदै आउनुभएका श्री लोकलाल महर्जनका पुजनीय बुबा **श्री भक्तलाल महर्जन**को असामयिक निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

यस दु:खद् घडिमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति बाघभैरवले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

निलकण्ठ अमात्य, अध्यक्ष

**श्री बाघभैरव ज्येष्ठ नागरिक समाज**

कीर्तिपुर परिवार

# नेपाल क्रान्तिकारी विद्यार्थी संघको १२ औं राष्ट्रिय सम्मेलन सम्पन्न

# देश र जनताको सेवा गर्ने विद्यार्थी तयार गर्नुपर्नेमा जोड

काठमाडौं । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको १२ औं राष्ट्रिय सम्मेलन मार्क्स र एंगेल्सको सङ्क्षिप्त जीवनी विमोचन गर्दै कीर्तिपुरमा शुक्रबार उद्घाटन गर्नुभयो ।

समारोहमा मजदुर र किसानका छोराछोरीहरूले पनि उच्च शिक्षा हासिल गर्न अनिवार्य र नि:शुल्क शिक्षाको बन्दोबस्त हुने समाजवादी शिक्षा आवश्यक भएको औंल्याउँदै अध्यक्ष रोहितले समाजवादी व्यवस्थामा योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुन्छ भन्नुभयो ।

पुँजीवादी व्यवस्थाले गर्दा गरिबका छोराछोरीहरूले राम्रो पढे पनि, अध्ययन गर्ने क्षमता भए पनि डाक्टर, इन्जिनियर पढ्न नपाएको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'देश र जनताको सेवा गर्ने सक्षम, योग्य र असल विद्यार्थीहरू तयार गर्नुपर्छ र राजनीति देश र जनताको सेवा गर्नको लागि हो, असल र सज्जन मान्छेले राजनीति गर्नुपर्छ, इमानदार र असल मान्छेले राजनीति नगरेको कारण देश पछि परेको हो ।'

गणतान्त्रिक प्रधानमन्त्रीहरू पूजापाठमा व्यस्त हुने होइन देशलाई आत्मनिर्भर बनाउने योजनाहरू तयार गरेर कार्यान्वयनतर्फ लाग्नुपर्नेमा जोड दिँदै अध्यक्ष रोहितले भन्नुभयो - भारतीय प्रम मोदीको भ्रमण कूटनीतिक यात्राभन्दा धार्मिक यात्रामा केन्द्रित रह्यो ।

आतङ्कको कुनै आभास नभएको शान्तिपूर्ण स्थानमा अत्यधिक भारतीय सुरक्षाकर्मीहरू परिचालन गर्नु कतै लडाइँको पूर्वाभ्यास त होइन भन्ने आशङ्का व्यक्त गर्दै उहाँले भन्नुभयो -'यो भारतले भित्रभित्रै गर्न लागेको रिहर्सल त होइन ? के नेपाली सेना, प्रहरीले भारतीय प्रमको सुरक्षा गर्न सक्दैनन् ? अनेक व्यापार व्यवसायको नाउँमा नेपालमा भारतीय गुप्तचरहरू पसिरहेका छन्, यसले भोलि नचिताएको घटना हुन बेर लाग्दैन ।

अध्यक्ष रोहितले भन्नुभयो - तीर्थाटन व्यक्तिको मामिला हो, त्यो राज्यको दायित्व होइन, भ्रमण दुई देशको सम्बन्ध विकासमा केन्द्रित हुनुपर्ने हो, एक नागरिकले जस्तै भ्रमण गर्ने हो भने ठूलो खर्च गर्नुपर्दैन, यो सरकारको गैरजिम्मेवारीपूर्ण कार्य हो ।

धार्मिक भ्रमणको केही अर्थ नभएको जस्तो देखिए पनि त्यसभित्र तराईलाई नेपालबाट अलग्ग गर्ने प्रपञ्च हुनसक्ने विचार राख्दै उहाँले फासीवादी र नाजीवादी शैलीले नेपाल खतरामा पर्नसक्ने औंल्याउनुभयो ।

शिक्षामा सरकारले दोहोरो नीति अगाडि सारेर छलछाम गरिरहेको चर्चा गर्दै उहाँले शैक्षिक विभेद अन्त्य गर्न सबै विद्यालयलाई सार्वजनिक बनाउनुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सचिव एवं सांसद प्रेम सुवालले भारतको दबाबकै कारण संविधान निर्माणमा ढिलाइ भएको चर्चा गर्दै संविधान बन्दै गर्दा भारतले नाकाबन्दी थालेको विचार व्यक्त गर्नुभयो ।

नेपालको संविधानमा आधारभूत तहमा शिक्षा र स्वास्थ्य नि:शुल्क र अनिवार्य व्यवस्था उल्लेख भए पनि व्यवहारमा नआएको औंल्याउँदै उहाँले पालैपालो शासन गर्ने एमाले र माओवादी केन्द्र नेकाजस्तै पुँजीवादी पार्टी हुन् भन्नुभयो ।

संविधानमा समाजवादउन्मुख शब्दावली भए पनि तद्नुसार व्यवहारमा नगर्ने दल कम्युनिष्ट हुन सक्दैनन्, उनीहरू रातो झण्डा खसाल्न रातो झण्डा उचाल्ने अवसरवादी हुन्, हरियो घाँसभित्र लुकेका सर्पहरू हुन् - उहाँले भन्नुभयो ।

नेपालको आन्तरिक मामिलामा भएको हस्तक्षेपबारे नेमकिपाले जहिल्यै सडक र सदनमा विरोध गरिरहेको विचार व्यक्त गर्दै उहाँले भारतीय विस्तारवादको विरोधमा न्यायप्रेमी जनताको समर्थन जुटिरहेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं नेमकिपा काठमाडौं जिल्ला समितिका अध्यक्ष नारायण महर्जनले समाजवादी आन्दोलनको जिम्मेवारी पूरा गर्न नेमकिपाले गरिरहेको आन्दोलन एकदिन विजय हुने निश्चित छ भन्नुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य अनुराधा थापामगरले नेमकिपा र नेक्राविसङ्घ विदेशी शक्तिको सामु नझुक्ने सार्वभौम पार्टी र विद्यार्थी सङ्गठन हुन् भन्नुभयो ।


पुँजीवादी व्यवस्था उल्टाउन नै आमूल परिवर्तनको खाँचो रहेको विचार व्यक्त गर्दै उहाँले छाउपडी, बोक्साबोक्सी, छुवाछूत, दहेज प्रथाजस्ता कुरीति र अन्धविश्वासका संस्कारहरू अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउँदा पनि सरकारले बेवास्ता गरेको बताउनुभयो ।

नेमकिपाको देशभक्ति आन्दोलन र सङ्घर्षले देश बाँकी रहेको हो, भारतीय नाकाबन्दी हटाउन नेमकिपाले मोदीलाई घुँडा टेकाएको हो - उहाँले भन्नुभयो ।

उद्घाटन कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं नेक्राविसङ्घका पूर्वअध्यक्ष रवीन्द्र ज्याख्वले पुँजीवादी विकृति र नवउदारवादको विरूद्ध वैज्ञानिक शिक्षा सुनिश्चित गर्न र अराजकतावादको विरोध गर्दै देश र जनताको सेवामा नेक्राविसङ्घ सङ्घर्षरत भइरहने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय उपाध्यक्ष उद्धव सुजखूले देशमा राजतन्त्र अन्त्य भए पनि शोषण, अन्याय यथावत रहेको चर्चा गर्दै संविधान समाजवादउन्मुख हुनुपर्ने माग नेमकिपाको हो, आधारभूत शिक्षा नि:शुल्क र अनिवार्य भने तापनि व्यवहारमा छैन, चुनाव जित्ने सस्तो नारा दिएर ठूला दलले झूटको राजनीति गरे, शिक्षामा २४ प्रतिशत बजेटको बन्दोबस्त गरे निजी र सामुदायिक विद्यालयको भेद हट्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल प्राध्यापक समाजका सहसचिव सुजन माक, सम्मेलन तयारी





समितिका सदस्यद्वय लक्ष्मी पोखरेल र प्रकाश गुरूङले नेक्राविसङ्घ पुँजीवादी शिक्षाविरूद्ध लड्दै वर्गीय मुक्ति आन्दोलन गर्न अग्रसर छ भन्नुभयो ।

कार्यक्रम नेक्राविसङ्घ सम्मेलन तयारी समितिका संयोजक नीरज लवजूको सभापतित्वमा भएको थियो ।

सो उद्घाटन कार्यक्रममा गायक विनोद विक, आस्था सांस्कृतिक परिवार भक्तपुर र वालाम्हेन्दो काभ्रेको गीत तथा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो ।

### "भारतीय सशस्त्र नेता नेपालमा आउनु गलत"

यसैबीच अध्यक्ष रोहितले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणको नाममा भारतीय सशस्त्र सेना नेपाली भूमिमा आउनु गलत भएको बताउनुभयो। नेक्राविसङ्घको बार्‍हौं राष्ट्रिय सम्मेलनअन्तर्गत आइतबार बिहान भएको प्रशिक्षण कार्यक्रममा समसामयिक विषयमा बोल्दै उहाँले विदेशी पाहुनालाई सुरक्षासमेत गर्न नसक्ने र विदेशी सेना आउन अनुमति दिने ओली सरकारको आलोचना गर्नुभयो । उहाँले भन्नुभयो, 'के सरकार विदेशी पाहुनाको समेत सुरक्षा गर्न असक्षम हो ? के नेपालमा आतङ्कवाद छ ?'

अध्यक्ष रोहितले मोदीको तीर्थाटनमा जनताको करबाट सङ्कलन गरिएको राज्यकोषको दुरुपयोग गर्नु खेदजनक भएको बताउनुभयो । उहाँले मोदीले नेपालमा दिएको मन्तव्यमा 'नेपालबिना हामी अपूर्ण छौं' जस्ता भनाइ हस्तक्षेपकारी अभिव्यक्ति भएको धारणा राख्नुभयो ।

उहाँले विद्यार्थी कार्यकर्ताहरूलाई कुनै पनि विचार र घटनालाई वर्गीय दृष्टिकोणले हेर्नुपर्ने बताउनुभयो ।

कम्युनिष्टहरू गरीब तथा कामदार जनताको वकिल भएको धारणा राख्दै उहाँले पूँजीपति वर्ग जनतामाथि शोषण गर्न राजनीति गर्ने तर कम्युनिष्टहरू गरीब जनतालाई उठाउन राजनीतिमा लाग्ने विचार राख्नुभयो ।

मजदुर-किसानका छोराछोरीहरूलाई नै राजनीतिक रुपमा सक्रिय बनाउने लक्ष्य लिएर नेमकिपा स्थापना भएको विगतको चर्चा गर्दै उहाँले समाजको आमूल परिवर्तन नै वास्तवमा क्रान्ति भएको धारणा राख्नुभयो ।

'शोषक वर्ग आफ्नो सम्पत्ति र शोषणमा आधारित शासन जोगाउन नै राजनीतिमा लाग्ने गर्दछन् ।' अध्यक्ष रोहितले भन्नुभयो ।

विद्यार्थीहरूलाई व्यक्तिगत स्वार्थको लागि नभई सामाजिक जिम्मेवारी पूरा गर्न राजनीतिक र सामाजिक गतिविधिमा लाग्न उहाँले आग्रह गर्नुभयो ।

प्रशिक्षणमा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्र शाहीले पनि बोल्नुभएको थियो ।

प्रशिक्षण कार्यक्रममा समसामयिक राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयमा सहभागी प्रतिनिधि पर्यवेक्षकलाई प्रशिक्षण दिँदै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा सङ्घीय व्यवस्थापिका सदस्य प्रेम सुवालले रामायण काल्पनिक आख्यानमात्र भएको कारण त्यसको आधारमा रामायण सर्किट बनाउने भारतको प्रस्ताव उपयुक्त नभएको बताउनुभयो ।

उहाँले विद्यार्थीहरूले अन्धविश्वास र धार्मिक अन्धताबाट टाढा रहँदै विज्ञानसम्मत तरिकाले सोच्न सिक्नुपर्ने विचार राख्नुभयो ।

नेतृत्वमा बस्ने पदाधिकारीले अरु सदस्यहरूको तुलनामा अरु बढी सक्रिय बन्नुपर्ने विचार राख्दै सुवालले अनुशासनमा नबसेको सङ्गठन र सदस्यले समाज परिवर्तनमा ठोस योगदान गर्न नसक्ने बताउनुभयो ।

नेमकिपा स्थापनाका सैद्धान्तिक आधारबारे चर्चा गर्दै उहाँले नेपालको कम्युनिष्ट आन्दोलनमा देखिएका खोटा विचारको खण्डन गर्दै नेमकिपा एउटा सिद्धान्तनिष्ठ कामदारवर्गको पार्टीको रुपमा स्थापना भएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा नेक्राविसङ्घका पूर्वकेन्द्रीय अध्यक्ष सरोजराज गोसाईले मार्क्सवादी दर्शनबारे प्रशिक्षण दिँदै द्वन्द्वात्मक भौतिकवाद संसारका क्रान्तिकारीहरूको लागि धारिलो हतियार भएको बताउनुभयो ।

उहाँले कुनै पनि इतिहासको घटनालाई द्वन्द्वात्मक भौतिकवादी दर्शनको आधारमा व्याख्या गर्दा सही इतिहासमा पुगिने विचार राख्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले समकालीन विश्व समाजवादी आन्दोलनबारे प्रशिक्षण दिँदै संरा अमेरिका नेतृत्वको पश्चिमा साम्राज्यवादी मोर्चा चौतर्फी रुपमा सङ्कटमा फसेको बताउनुभयो ।

उहाँले चीन, क्युवा, प्रजग कोरियामा समाजवादको झण्डाले साम्राज्यवादलाई लगातार चुनौती दिएको बताउँदै भन्नुभयो, 'केही देशमा समाजवादको अस्थायी हारले संसारमा समाजवादी विचारको अवसान हुनसक्दैन ।'

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य सृजना सैंजूले चीनको सामाजिक तथा आर्थिक विकास र अर्का वैकल्पिक केन्द्रीय राजेन्द्र चवालले मार्क्स र मार्क्सको समयबारे प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रममा नेक्राविसङ्घ बार्‍हौं राष्ट्रिय सम्मेलन तयारी समितिका संयोजक नीरज लवजूले मार्क्सको दुई सयौं जन्म दिवस वर्षभरि विभिन्न प्रशिक्षणात्मक र अध्ययनका गतिविधि गरी मार्क्सवादी विचारको व्यापक प्रचार गर्नुपर्ने बताउनुभयो ।

## पाँगा दिदीबहिनी.....

देखापरेका समस्याको समाधान गर्न यो समूह स्थापना गरेको बताउनुभयो ।

संस्थाका अध्यक्ष बिन्दिरा महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा सचिव सृष्टि महर्जन, सृजना महर्जन, ललेन्द्र शाक्य, रुविशा महर्जनले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा समाजसेवी प्रशान्त कुमार महर्जन, समाजसेवी एवं पत्रकार नारायण महर्जन र गायक सतिश महर्जनलाई विशेष अतिथि जनगायक भृगुराम श्रेष्ठले मायाको चिनो सहित सम्मान पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा जनगायक भृगुराम श्रेष्ठ, गायकहरु सतिश महर्जन, विश्व नेपाली, दिपा महर्जन, रत्नशोभा महर्जन, रिता महर्जन, राजेश महर्जनले सुमधुर सांगितिक गीत प्रस्तुत गर्नुभएको थियो भने स-साना नानीहरुले नृत्य प्रस्तुत गरेको थियो ।

कार्यक्रममा सहयोगी संघसंस्था र व्यक्तिहरुलाई कदर पत्र प्रदान गरिएको थियो भने पाँगा लखु महाँवो टोलका ३९ जना ज्येष्ठ नागरिकहरुलाई प्रमुख अतिथि शाक्यले प्रमाणपत्र र उपहार प्रदान गरी सम्मान गरिएको थियो ।

# बाघभैरव पूजा र ज्येष्ठ नागरिक भोजन

कीर्तिपुर । बाघभैरव ज्येष्ठ नागरिक समाज कीर्तिपुरको मंगलबार बाघभैरव पूजा तथा भक्ति संगीत सम्पन्न भयो ।

प्रत्येक महिनामा एक पटक बाघभैरव मन्दिरको पूजा र भक्ति संगीत गरी ज्येष्ठ नागरिकहरुलाई सम्मान र भोजन गर्ने समाजको निर्णयानुसार बैशाखको पूजा कार्यक्रम समाजका अध्यक्ष निलकण्ठ अमात्यले पुरा गरेको थियो ।

जेठ १ गते गरेको सो कार्यक्रममा कीर्तिपुर क्षेत्रका ७५ जना ज्येष्ठ नागरिकको सु-स्वास्थ्यको कामना सहित भोजन




गरेको अध्यक्ष अमात्यले बताउनुभयो ।

स्मरणीय छ, यस समाजको लागि १० रोपनी जग्गा त्रिविले प्रदान गर्ने सहमति भैसकेको छ भने समाजले ज्येष्ठ नागरिक पार्क बनाउने तयारी गरेको छ ।

## उमामहेश्वर सांगीतिक प्रतिष्ठानको कार्यक्रम भव्य रुपमा सम्पन्न

**– रीदेन महर्जन**

कीर्तिपुर। उमामहेश्वर सांगीतिक प्रतिष्ठानको आयोजनामा उमामहेश्वर मन्दिर क्वाचोमा बैशाख २९ गते शनिबार भव्य रुपमा सम्पन्न भएको छ ।



प्रमुख अतिथिको रुपमा कीर्तिपुर नगरपालिका प्रमुख रमेश महर्जनका साथैं विशेष अतिथिको रुपमा वरिष्ठ तबला बाधक सुर्कम ब्याण्डका संस्थापक सदस्य सितार बाधक डा. द्रुवेशचन्द्र रेग्मी, शास्त्रीय संगीत प्रविन मोहन प्रसाद जोशी र ग:छे दाफा खल:को संयोजक गुरु धनकृष्ण महर्जनहरूको उपस्थिति रहेको थियो ।

नगर प्रमुख महर्जनले सुकुन्दामा दीप प्रज्वलनका साथै थाहाबाहा धिमे खल:ले धिमे बाजा बजाई कार्यक्रमको औपचारिक रुपमा कार्यक्रमको उद्घाटन गरिएको थियो ।

सभाअध्यक्ष न्हूच्छे दर्शनधारीका अनुसार संगीत कीर्तिपुर नगर क्षेत्र आखा: छैँ लगायत दाफा भजन खल:हरुमा रहेको मौलिका बाँसुरी, धिमेबाजा, नाय्खिं बाजा, धा बाजा गाजाहरु संरक्षण गरी संरक्षण प्रर्वद्धन गर्नका लागि यस कार्यक्रमको महिनामा एकचोटी आयोजना गरिने जानकारी दिनु भयो। साथै धार्मिक क्षेत्रमा रहेको अनिवार्य रुपमा भक्ति संगीतको साथैसाथै शास्त्रीय संगीतको संमिश्रण गरी मौलिक संगीतको प्रस्तुतिको लागि उमाहेश्वर संगीत प्रतिस्थानको स्थापना गरिएको जानकारी दिनु भयो ।

मन्तव्य राख्ने क्रममा नगर प्रमुख महर्जनले भन्नुभयो, ‘उमाहेश्वर संगीत प्रतिस्थानले एक दम प्रशंनीय कार्यको थालनी गर्नु भयो । पर्यटनको विकासमा सांगीतिक कार्यक्रमलाई जोडिएर लगेको खण्डमा अझ सुनमा सुगन्ध थपिनेछ । सांगीतिक क्षेत्रमा कार्यक्रम संचालनको लागि नेपाल भाषा एकेडेमीको हललाई समेत प्रयोगमा ल्याउन सकिनेछ ।’

वहाँले यस कार्यक्रमका लागि व्यक्तिगत रुपमा र नगरपालिकाको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता दिनु भयो । यही सिथि नख: मा दाफा महोत्सव आयोजनाका साथै दाफा खल:, गुथिहरुलाई सहयोग गरिने प्रतिवद्धता जनाउनु भयो ।

विशेष अतिथि प्रविन मोहन प्रसाद जोशीले भाषा, साहित्य, संस्कृतिको संरक्षण गर्न सकेको क्षेत्रमा सक्षम नागरिक हुने साथै संगीत भनेको राष्ट्रिय सम्पत्ति हो र यसको संरक्षण गर्नु सम्पूर्ण नागरिकको कर्तव्य भनी आफ्नो मन्तव्य राख्नु भयो ।

त्यसैगरी विशेष अतिथिको रुपमै पाल्नु भएका वरिष्ठ तबला बाधक डा. ध्रुवेशचन्द्र रेग्मीले कीर्तिपुर नगरपालिका धार्मिक, सांस्कृतिक मात्रै नभई कलाकारहरुको धनी क्षेत्र हो। यस संगीत प्रतिस्थानको पहिलो आयोजना सफलताको शुभकामना दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त कलाकाहरुको उपस्थिति रहेको थियो। ग:छैँ दाफा भजन खल:, दाफा भजन लगायत विभिन्न ब्याण्डहरुले कार्यक्रममा आ-आफ्नो सांगीतिक प्रस्तुति राखेको थियो ।

यस सांगीतिक संस्थाको आयोजनामा प्रत्येक महिनाको दोस्रो हप्तामा नियमित रुपमा सांगीतिक कार्यक्रम हुने जनाएको छ ।

कार्यक्रम प्रमिला मानन्धरले संचालन गरेको थियो ।

## कीर्तिपुरमा लनगोल कप व्याडमिन्टन प्रतियोगिता चालू

पाँगा । कीर्तिपुरमा प्रथम लनगोल कप खुला डवल्स व्याडमिन्टन प्रतियोगिता शनिबारवाट सुरु भएको छ ।




लनगोल व्याडमिन्टन क्लवको आयोजनामा भएको प्रतियोगिताको उदघाटन कीर्तिपुर नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष न्हुच्छेवहादुर महर्जनले पानसमा दीप प्रज्वलन गरी गर्नुभएको थियो। साथै वडा अध्यक्षवाट रेफ्री राजु महर्जनलाई शटल कर्क र व्याट हस्तन्तरण गर्नु भएको थियो ।

क्लवका अध्यक्ष दिलवहादुर महर्जनको सभापतित्वमा भएको कार्यक्रममा नसस सुनिल महर्जन, क्लवका बाबुराजा महर्जन, जुजुभाइ महर्जनले पनि बोल्नुभएको थियो ।

कीर्तिपुर, दक्षिनकाली र चन्द्रगिरीनगरपालीकाका वीचहुने प्रतियोगितामा ५३ वटा टीम सहभागी रहेको क्लवले जनाइएको छ । प्रथम हुनेले नगद ३० हजार, दोस्रोलाई २० हजार र तृतीयलाई १०/१० हजार रुपैयाँ हात पार्नेछ । खेल जेठको १२ गतेसम्म चल्ने छ ।

## कीर्तिपुरमा बास्केटबल प्रतियोगिता सम्पन्न

कीर्तिपुर । कीर्तिपुर नगरपालिकाको आयोजनामा प्रदेश नं ३ अन्तरनगरपालिका प्रथम मेयर कप वास्केटवल प्रतियोगितामा कीर्तिपुर नगरपालिकाले जितेका छन् ।



शनिबार भएको फाईनल खेलमा कीर्तिपुरले बुढानिलकण्ठलेलाई हराई उपाधी हात पारेको थियो । तेस्रो स्थानको लागि भएको खेलमा भक्तपुरले दक्षिणकालीलाई हराइ तेस्रो भयो ।

विजयी खेलाडीहरुलाई प्रदेश नं .का सभामुख सानुकुमार श्रेष्ठले नगद,ट्रफी ,प्रमाण पत्र प्रदान गर्नु भएको थियो । प्रथम हुनेले नगद रु.५० हजार, दोस्रेले रु३० हजार र तृतीयले रु .२० हजार हात पारेका थिए । बैशाख २२ गते देखि कीर्तिपुरस्थित सामुदायीक वास्केटवलकोर्टमा भएको प्रतियोगितामा प्रदेशभर छ वटा टीम सहभागी रहेको थियो ।

## पत्थरी हुने समस्या र खानामा अपनाउनुपर्ने सतर्कता

**– डा. जया प्रधान**

महिलामा भन्दा पुरुषमा मिर्गौला तथा पित्तशयको समस्या बढी देखिन्छ । मौसम, पिसाबनलीमा हुने संक्रमण, वंशाणुगतजस्ता कारणले यो समस्या निम्तिने भए पनि खानपानले समेत ठूलो प्रभाव पारेको हुन्छ। घाममा बढी समय काम गर्दा पसिना निस्कने हुन्छ। साथै गर्मी मौसममा पानी कम पिउँदा पनि पिसाब थोरै लाग्ने हुन्छ । जसले गर्दा पिसाबमा लवणहरु जम्मा हुन थाल्छ र पत्थरको रुप लिन्छ ।

यसैगरी, वंशाणुगत युरिक एसिड र अक्सालेटको मेटाबोलिजममा गडबड हुनाले पनि मिर्गौलामा पत्थर बन्ने सम्भावना हुन्छ । पत्थर बन्न मद्दत पुऱ्याउने तत्वहरु खानाबाट प्रशस्त प्राप्त भएको स्थितिमा पनि यो समस्या आउन सक्छ । क्याल्सियम, फोस्फोरसजस्ता तत्व शरीरमा आवश्यक भए पनि पत्थर बन्ने प्रवृत्ति भएको शरीरका लागि यी तत्व तथा प्युरिन र अक्जालेटले नकारात्मक प्रभाव पार्न सक्छ ।

पत्थरबाट हुने असह्य पीडा कम गर्न नदुख्ने औषधि सेवन गर्नुपर्ने हुन्छ अथवा पत्थरको आकार हेरी विशेष प्रविधिद्वारा पत्थर निकाल्नुपर्ने हुन्छ । एकचोटि पत्थर बनेपछि बारम्बार बनिरहने हुनाले माथि उल्लिखित उपायभन्दा पनि सरल, बिनाझन्झट दैनिक खानामा उचित प्रकारका खाद्यपदार्थ छनौट गर्न सके यो समस्यालाई नियन्त्रण गर्न सकिन्छ ।

साधारणतया मिर्गौलामा क्याल्सियम पत्थर, अक्जालेट पत्थर र युरिक एसिड पत्थर गरी तीन प्रकारका पत्थर बन्छन् । मिर्गौलामा बन्ने पत्थरको ९० प्रतिशत कारण क्याल्सियम तत्व र एकोनियम, म्याग्नेसियम, फोस्फेट, अक्जालेट, कार्बोनेटका लवण हुन् । कहिलेकाहीँ शरीरमा भिटामिन ‘ए’ को कमी तर भिटामिन ‘डी’ बढी भई प्याराथाइराइडको कार्यमा गडबडी हुँदा पनि पत्थर हुन्छ भन्ने कुरा अध्ययनले देखाएको छ ।

प्राय: अक्जालेट पत्थर खस्रो, कडा र सुकेको रगतजस्तो हुन्छ भने युरिक एसिड पत्थर खैरो र कडा हुन्छ । यसैगरी, फोस्फेट पत्थर सेतो, चकजस्तो नरम हुन्छ । पत्थर पिसाबको नलीमा अड्केमा वा पत्थरको आकार ठूलो भई निस्कन नसकेमा असह्य पीडा हुने, पिसाब बाक्लो तथा पिसाबमा रगत देखा पर्ने, संक्रमण हुने, ज्वरो आउने, बान्ता हुने लक्षण देखा पर्छ । यस्तो अवस्थामा सम्बन्धित डाक्टरलाई देखाई आवश्यक परामर्श लिनुपर्ने हुन्छ ।

मिर्गौलामा बारम्बार पत्थर बन्ने र दु:ख दिने समस्या छ भने त्यस्ता व्यक्तिले दैनिक खानपानमा विशेष सावधानी अपनाउनुपर्ने हुन्छ। यसप्रकारको पत्थरको समस्याबाट नदुख्ने औषधि सेवन गरेर केही समय छुटकारा मिले पनि फेरि बल्झिने हुनाले नियन्त्रण गर्न दैनिक खानामै विशेष ध्यान दिनुपर्छ ।

पत्थर रोगको समाधानका लागि गरिएको व्यक्तिगत अनुभवलाई दृष्टिगत गर्दा कतिपय यस्ता खाद्यपदार्थ छन् जसले मिर्गौलामा पत्थर बन्नबाट रोक्न तथा नियन्त्रण गर्न मद्दत पुऱ्याएका छन् । यस समस्याको समाधानको उपाय प्रशस्त मात्रामा सफा पानी तथा झोल पदार्थ सेवन नै हो । र, पत्थर बन्न सहयोग पुऱ्याउने तत्वहरु क्याल्सियम, फस्फोरस, प्युरिन, अक्जालेट, चिल्लो पदार्थ बढी भएका खाद्यपदार्थहरु दैनिक भोजनमा परहेज गर्नु हो ।

पानी तथा झोलपदार्थ बढी सेवन गर्दा पनि कसै-कसैको पत्थर बन्न सक्छ। यसरी निस्केको पत्थर प्रयोगशालामा जचाउँदा कुन प्रकारको हो भनेर पहिचान गर्न सकिन्छ र त्यसैअनुरुप खान हुने र नहुने खाद्य पदार्थको छनौट गर्न सकिन्छ। यस्तो स्थितिमा भोजनमा परहेज गर्नुपर्ने हुन्छ। तर, पत्थरको पहिचान गर्न नसकेमा धेरै प्रकारका खाद्यपदार्थ सेवनबाट वञ्चित हुँदा पौष्टिक तत्वको अभावमा स्वास्थ्यमा झन् प्रतिकूल असर पर्न सक्छ ।

त्यसकारण पत्थरको समस्या भएका व्यक्तिले तथा तिनका परिवारका सदस्यले यो समस्या बल्झाउने तत्व भएका खाद्यपदार्थको पहिचान गरी त्यसको बदलामा कुन खाद्यपदार्थ समावेश गर्दा भोजन सन्तुलित र उपयुक्त हुन्छ भने कुरा जान्नु आवश्यक छ। समयमै सतर्कता अपनाउन नसकेमा बारम्बार पत्थर बन्नाले मिर्गौलामा थप भार परी काममा बाधा पुग्ने र नराम्रो असर पर्ने हुन्छ ।

समस्याको पहिचान गरी दैनिक भोजनमा फेरबदल गर्दा बनिसकेको पत्थर घोलिएर पिसाबबाट चाहिँ आउँदैन। यदि, सानो आकारको छ भने पिसाबबाट निस्कन सक्छ । यसरी भोजनमा फेरबदल गर्दा मिर्गौलामा पत्थर बन्ने कामलाई नियन्त्रण र कम गर्न सकिन्छ। दैनिक उचित खाद्यपदार्थबाहेक शरीरले आवश्यक पानी र झोल पदार्थ पाएको छ भने मिर्गौलामा पत्थर बन्न पाउँदैन । शरीरमा आवश्यक मात्रामा पानी छ भने मिर्गौलाले दूषित पदार्थ छानेर पिसाबबाट बाहिर फाल्ने काम गर्छ। शरीरमा पानीको कमी छ भने दूषित पदार्थ फ्याँक्न नसक्दा ठोस रुपमा परिणत भई एक आपसको प्रतिक्रियाबाट पत्थर बन्छ । त्यसकारण साधारण अवस्थाबाहेक यस स्थितिमा पनि पानी तथा झोल पदार्थको सेवनमा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ। दैनिक अन्दाजी २ लिटर पिसाब शरीरबाट फ्याँकिने हिसाबले प्रशस्त पानी पिउन सकेमा यो समस्या समाधान गर्न सकिन्छ ।

यसैगरी, पत्थरको समस्या भएका व्यक्तिले पिसाबको रङ्ग हेरी दैनिक पानीको परिमाण बढाउन सकिन्छ । यदि, पिसाब गाढा पहेँलो छ भने पानीको मात्रा वा थप झोल पदार्थको सेवन बढाउनुपर्ने हुन्छ ।

**खानामा अपनाउनुपर्ने सतर्कता**

दैनिक ३ लिटरभन्दा बढी पानी तथा झोलपदार्थ सेवन गर्दा विभिन्न तत्वको लवणबाट पत्थर बन्न पाउँदैन ।

प्रोटिनको परिमाण पनि कम गर्नुपर्छ । एक किलोग्राम शरीरको तौलबराबर एक ग्रामभन्दा कम प्रोटिन प्राप्त हुने किसिमले भोजनको व्यवस्था गर्नुपर्छ ।

यसैगरी, शरीरमा अम्ल (एसिड) पैदा गर्ने खाद्यपदार्थ समावेश गर्नुपर्छ ।

पानी तथा अन्य उपयुक्त झोलपदार्थको परिमाण बढाए पनि क्याल्सियम प्रवृत्तिको पत्थर छ भने क्याल्सियम बढी पाउने खाद्यपदार्थ जस्तै: दूध तथा दूधबाट बनेका परिकारको मात्रा कम गर्नुपर्छ । पोटासियमयुक्त फलफूल र सागपातको उपभोगले मिर्गौलामा पत्थर बन्ने सम्भावित खतरालाई ५० प्रतिशत कम गर्छ । त्यसैले भोजनमा यो तत्व भएको खाद्यपदार्थ समावेश गर्नुपर्छ ।

अक्जालेट पत्थर छ भने अक्जालिक एसिड भएका खाद्यपदार्थ जस्तै पालुंगो, कर्कलो, बदाम, काजु, तिल, चिया, पुदिना आदिको सेवन कम गर्नुपर्छ ।

पत्थर भएका व्यक्तिहरुले दैनिक १०० देखि १५० मिलिग्राम भिटामिन बी, भिटामिन बी कम्प्लेक्सको साथमा लिँदा राम्रो हुन्छ ।

युरिक एसिड पत्थर छ भने प्युरिन भएका खाद्यपदार्थ जस्तै: मासु, चिल्लो पदार्थ, अन्डा कम गर्नुपर्छ। यसप्रकारका खाद्यपदार्थ दैनिक ६० देखि ७० ग्राम मात्र लिँदा बेस हुन्छ ।

फाइबरयुक्त फलफूल र सागपात (अक्जालेट कम भएको) भोजनमा समावेश गर्दा खाद्यपदार्थमा भएको फाइबर क्याल्सियमसँग बाँधेर यसको शोषण कम गराउँछ ।

सोडियम बढी भएका खाना खाँदा पनि पिसाबमा क्याल्सियमका कण बढी देखिने हुनाले सोडियम भएका खानेकुरा कम गर्नुपर्ने हुन्छ। दैनिक २ देखि ३ ग्रामभन्दा कम मात्र प्राप्त हुने किसिमले भोजनको व्यवस्था गर्नुपर्छ ।

यसैगरी, पत्थरीको समस्या भएका व्यक्तिले जटिल कार्बोहाइड्रेट अर्थात् पूरै अन्नबाट बनेको खाद्यपदार्थ, ताजा फलफूल, सागपातलाई बढी प्राथमिकता दिनुपर्छ ।

यस प्रकार मिर्गौलाको पत्थर सबै एकै प्रकारको नहुने भएकाले दैनिक भोजनलाई सकेसम्म पोषिलो र सन्तुलित बनाउनुपर्छ। साधारण खाद्यपदार्थको उपभोगबाट घरेलु तवरले नै यो समस्या समाधान भएको कुरा यसबाट पीडित व्यक्तिहरुको अनुभवले बताउँछ । विशेषगरी खरबुजा, अनार, केरा, तुलसीको पातको रसमा मह मिलाई खाँदा, स्याउ, राजमा, गहतको सूप आदि खाँदा पिसाबबाट पत्थर निस्कन्छ । यी खाद्यपदार्थमा रहेका तत्वले स-साना पत्थर निकाल्न मद्दत गर्नुका साथै बन्ने प्रक्रिया पनि नियन्त्रण गर्छ ।

- स्वास्थ्य खबर